# जुम्ला जिल्ला बड्की गा.वि.स.का महिलाहरुको सामाजिक आर्थिक अवस्थाको अध्ययन

त्रिभुवन विश्व विद्यालय, समाजशात्र तथा मानवशास्त्र केन्द्रिय विभागको समाजशास्त्र विषयमा प्रस्तुत आठौ पत्रको प्रयोजनको

लागि

## शोधपत्र


शोधार्थी

मणिकृष्ण अधिकारी

समाजशास्त्र तथा मानवशास्त्र केन्द्रिय विभाग

कीर्तिपुर, काठमाडौं ।


२०६८

# सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा समाजिकशास्त्र अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह द्धितीय वर्षका विद्याथी श्री मणिकृष्ण अधिकारी जुम्ला जिल्ला बड्की गा.वि.स. का महिलाहरुको सामाजिक आर्थिक अवस्था शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा परिश्रमपूर्वक तयार पार्नु भएको हो । म उहाँको यस शोधकार्य सँग पूर्णरुपमा सन्तुष्ट छु र यसको अन्तिम मूल्याङ्कन लागि सिफारिस गर्दछु ।

मिति :

................

नविन रावल

शोधनिर्देशक

त्रिभुवन विश्व विद्यालय समाजशास्त्र तथा मानवशास्त्र संकाय

कीर्तिपुर, काठमाडौं

त्रिभुवन विश्व विद्यालय

समाजशास्त्र तथा मानवशास्त्र विभाग

कीर्तिपुर, काठमाडौं

# स्वीकृति पत्र

मिति :

त्रिभुवन विश्व विद्यालय, समाजशास्त्र मानवशास्त्र विभागको छात्र श्री मणि कृष्ण अधिकारीले स्नातकोत्तर तह दोश्रो वर्षको शोधपत्र प्रयोजनका लागि तयार पार्नु भएको, जुम्ला जिल्ला बड्की गा.वि.स. का महिलाहरुको सामाजिक आर्थिक अवस्था शिर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. शोधपत्र निर्देशक : श्री नविन रावल

२. बाह्य परीक्षक : कपिल दाहाल

३. विभागीय प्रमुख : ओम गुरुङ्ग

# कृतज्ञता ज्ञापन

जुम्ला जिल्ला बड्की गा.वि.स. का महिलाहरुको सामाजिक र आर्थिक अवस्थाको बारेमा लेखीएको यो सोधपत्र त्रिभुवन विश्व विद्यालयबाट समाजशास्त्र तथा मानवशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधी पूरा गर्ने सिलसिलामा तयार गरीएको हो । यसले यस क्षेत्रका महिलाको अवस्थाको बारेमा जानकारी लिन थाल्ने र तिनीहरुको अवस्था सुधार गर्न चाहने जो कोहीका लागि पनि उपयोगी हुने आशा एवं विश्वास छ । यो सोत्रपत्र मेरो एक्लो प्रयासले संभव थिएन जसका लागि मेरा सोध निर्देशक श्री नविन रावल ज्यूको सल्लाह, निर्देशन र मूल्यावान सुझावहरु प्राप्त गरेकोछु । यसका लागि वहाँ प्रति आभार व्यक्त गर्दछु । साथै मलाई यो शोधकार्य छिटो सम्पन्न गर्न प्रेरणाका साथ आवश्यक निर्देशन दिनु हुने समाजशास्त्र तथा मानवशास्त्र विभाग प्रमुख श्री ओम गुरुङ्ग ज्यू प्रति कृतज्ञता ज्ञापन गर्दछु । साथै बाह्य परिक्षक श्री कपिल दाहाल ज्यू प्रति सुझाव र सहयोका लागि कृतज्ञता ज्ञापन गर्दछु ।

मेरा लागि जनुसुकै दुःख खेप्दै, जन्माई, हुर्काई, बढाई, पढाई यहाँ सम्म पुऱ्याउने मेरा पुञ्य स्वगीय बुबा किस्नलाल अधिकारी, आमा लछिमा अधिकारी र पुञ्य दाजु प्रेमानन्द अधिकारी ज्यू प्रति यो क्षणमा हर्षासु खसाल्दै आभार व्यक्त गर्दछु । मेरो प्रगतीमा गर्भ गर्ने भाईहरु खड्क राज अधिकारी, दिपेन्द्र अधिकारी, सत्य लक्ष्मि अधिकारी, गंगादेवी अधिकारी र धनलक्ष्मि अधिकारी लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

मलाई फिल्डमा धेरै कुराको जानकारी दिनुहुने विभिन्न प्रकारका सुझाव, सल्लाह, प्रेरणा र विभिन्न प्रकारका तथ्याङ्कहरु उपलब्ध गराउनु हुने मेरा पुजनीय दाजु पूर्ण प्रसाद धिताल ज्यू, प्रति आभार र सम्मान गर्न चाहन्छु । मलाई यो सोधका लागि धेरै पटक फोन गरेर घचघच्चाई रहने, धेरै कुरामा सहयोग गर्ने मेरी श्रीमती ललिता रेग्मी (अधिकारी) लाई धन्यवाद दिन चाहन्छु । फोनबाट भए पनि यस कार्यमा सचेत पारी राख्ने छोरा सन्देश अधिकारी र प्यारो छोरा समिप अधिकारी लाई धन्यवाद दिन्छु । म र मेरो भावनासँग परिचीत सम्पूर्ण न्याय प्रेमी महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा शुद्धा शुद्धीमा सहयोग गर्ने भाई गौरी प्रसाद अधिकारी र कम्प्युटर सेटीङ्गमा सहयोग गर्नुहुने एक्स्प्रेस कम्युनिकेशन सर्भिस का श्री बालकृष्ण महर्जन ज्यूलाई धन्यवाद दिन आफ्नो कर्तव्य ठान्दछु ।

मणिकृष्ण अधिकारी
समाजशास्त्र तथा मानव शास्त्र केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं

# विषय सूची

पेज नं.


सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता ज्ञापन

**अध्यायः एक**

**परिचय**

१.१ अध्ययनको पृष्ठभुमी १

१.२ समस्याको कथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ अध्ययनको औचित्य ४

१.५ अवधारणत्मक ढाँचा ४

**अध्याय २**

**साहित्य समिक्षा**

२.१ महिलाकासवाल तथा मुद्धाहरु सम्वन्धि साहित्यको समिक्षा ६

२.१.१ महिला र उमेर ६

२.१.२ महिला र विवाह ७

२.१.३ महिला र शिक्षा ७

२.१.४ महिला र सामाजिक भेदभाव ८

२.१.५ महिला र स्वास्थ्य ९

२.१.६ महिला र कृषि १०

२.१.७ महिला र निर्णय प्रक्रिया ११

२.१.८ महिला र नागरिक ऐन ११

२.१.९ महिला र अर्थव्यवस्था १२

२.२.परिभाषा १४

## अध्याय:तीन

## अनुसन्धान पद्धति

३.१ अध्ययन क्षेत्र छनोटको तार्किक आधार १५

३.२ अनुसन्धान ढाँचा १५

३.३ समग्रता, यादृच्छिक र नमूना आकार १५

३.४ तथ्यांङ्क सङ्कलनको स्रोत तथा प्रकृति १५

३.५ तथ्याक संकलन पद्वति १६

३.५.१ अन्तरवार्ता १६

३.५.२ अवलोकन १६

३.५.३ विषयवस्तु विश्लेषण १६

३.५.४ प्रमुख पात्रहरु सँग अन्तरवार्ता १७

३.६ तथ्याङ्क प्रशोधन तथा विश्लेषण १७

३.७ तथ्याङ्कको वैधता र विश्वासनियता १७

३.८ अध्ययनको सिमा १७

## अध्याय ४

## जुम्ला जिल्लाको सामान्य वर्णन

४.१ जुम्ला जिल्लाको सामान्य वर्णन १८

४.१.१ जुम्ला जिल्लाको नामाकरण १८

४.१.२ इतिहास, वर्तमान र भविष्य १८

४.१.३ बड्की गाविसको जातीगत विवरण १९

४.१.४ जुम्ला जिल्लामा महिला सम्बन्धि केही रोचक प्रसंगहरू २०

४.२ जन्मि सकेपछि छोरा र छोरी वीच भेदभाव २१

४.३ विवाह सम्बन्धी विभेद २२

४.४ अध्ययन क्षेत्रका महिलाहरूको विशेष पहिरन २३

४.५ अध्ययन क्षेत्रका महिलाहरूले मनाउने चाडपर्व २४

४.५.१ तागा २४

४.५.२ बैशाख पुर्णिमा २५

४.५.३ आषाढे पोको २५

४.५.४ साउने संक्रान्ति २६
४.५.५ श्रावण पुर्णिमा २७
४.५.६ तीज २७
४.५.७ दशैं २८
४.५.८ सोह्र श्राद्ध २९
४.५.९ तिहार २९
४.५.१० भैली ३०
४.५.११ पुष पन्नुवा ३०
४.५.१२ माघी संक्रान्ति ३१
४.५.१३ पछेल्ली माघे संक्रान्ति ३१
४.५.१४ श्री पञ्चमी ३२
४.५.१५ विच्छती वा विस्सुवा ३२

**अध्याय ५**

**सहभागीहरूको सामाजिक आर्थिक विशेषता**

५.१ जनसाङ्ख्यकी पक्ष ३४
५.१.१ उमेर ३४
५.१.२ धर्म ३५
५.१.३ भाषा ३६
५.१.४ वैवाहिक अवस्था ३६
५.१.५ विवाहका वारेमा निर्णय ३८
५.१.६ छोरीको विवाहका प्रतिको दृष्टिकोण ३९
५.१.७ शिक्षा ४०
५.१.८ छोरीको शैक्षिक सुधारका लागि सहभागी महिलाहरूको सिफारिस ४१
५.१.९ पारीवारिक संरचना ४१
५.१.१० परिवारको आकार ४२
५.१.११ विकासका गतिविधि तथा सामाजिक संस्थामा महिलाको सहभागिता ४३
५.२ आर्थिक पक्ष ४४
५.२.१ पेशा ४५

५.२.२ परिवारको मुख्य आम्दानी ४६

५.२.३ परिवारको वार्षिक आम्दानी ४७

५.२.४ जमिनको स्वामित्व ४८

५.२.५ पुरूषहरूवाट महिलाहरूका काममा सहयोग ४८

५.२.६ घरायसी निर्णयमा महिलाहरूको भूमीका ४९

५.२.७ महिलाहरूसँग व्यक्तिगत सम्पति - दाइजो वा पेवा ५०

**अध्याय ६**

**सारांस र निश्कर्ष**

६.१ सारांस ५३

६.२ निश्कर्ष ५४

**सन्दर्भ सामग्री**

# अध्याय: एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमी

मानव उद्विकासको प्रारम्भ देखि नै महिला र पुरुषको उपस्थिति रहेको छ । मानव इतिहासको लामो कालखण्ड सम्म समतामुलक सामाजिक संरचना चलेको पाइन्छ । लगभग ९० प्रतिसत सिकारी र घुमन्ते युगमा समय खर्च गरेको मानव समाजले जव व्याक्तिगत सम्पति र स्वामित्वको अभ्यास गर्दै आयो अनि समाजको पारिवारिक ढाँचामा पनि परिवर्तन आउन थाल्यो । उत्पादन व्यवस्थामा परिवर्तन आईसकेपछि प्रतिस्पर्धा, दमन, शोषण र भेदभाव जस्ता कुराहरु सँग सँगै विकास भए । समाजमा स्तरीकरणको रेखा कोरिन गयो । घुमन्ते तथा सिकारी युगमा बढि लडाकुपन देखाउने पुरुषहरुले आ-आफ्नो भ्रुण्डलाई नियन्त्रणमा राख्ने गरेको मानसिकताले परिवारमा पुरुषको प्रभुत्व वढ्न गएको हो । त्यसको परिणाम स्वरुप पुरुष र महिला वीच सामाजिक असमानताको सुरुवात भयो । अनि महिलाहरु पुरुषकै आड र भरोषामा वस्छन् भन्ने संस्कार र संस्कृतिहरु निर्माण हुँदै आएका छन् ।

छोरा र छोरी विचका यिनै विभेदकारी सामाजिक दृष्टिकोणका कारण विश्वमा महिलाहरु विभिन्न अवसरहरुवाट वञ्चित छन् । लैङ्गिक असमानता विश्वको एउटा प्रमुख समस्या बनेको छ । विश्वमा दुई तिहाई महिलाहरु अशिक्षित छन् । महिलाले विश्वको १ प्रतिसत भन्दा कम सम्पति मात्र उपभोग गर्दछन् । विश्वको आयको केवल १० प्रतिसत मात्र महिलाले कमाउछन् । विश्वको काम गर्ने समयको ६७ प्रतिसत समय महिलाले काम गर्दछन् । विश्वका साँसदहरुमा महिलाको. प्रतिनिधित्व केवल ९.७ प्रतिसत मात्र छ । *(संयुक्त राष्ट्र संघीय तथ्याङ्क २०10)* नेपालकै सन्दर्भमा कुरा गर्ने हो भने जीवनका अवसरहरु जस्तो घुमफिरको स्वतन्त्रता, राजनीति र अर्थव्यवस्थामा महिलाहरुको उल्लेख्य उपस्थिति छैन । शिक्षा र रोजगारका अवशरहरु, परिवार स्तरमा सम्मानित र न्यायोचित व्यावहारहरुका साथै, सम्पतिको चलन भोगको अधिकारमा महिलाहरुको पहुँच अति कम छ ।

हाम्रो समाजमा महिलाहरुलाई स्वतन्त्ररुपले चिनाउने भन्दा उनिहरु कसैकी छोरी, कसैकी वुहारी वा कसैकी आमा र कसैकी श्रीमति भनेर चिनाईन्छ । धर्म शास्त्रहरुले महिलाहरु आफै वा आफ्नो छुट्टै अस्तित्वमा वाँच्न नसक्ने भनि परिभाषित गरेको पाइन्छ ।

हिन्दु समाजमा महिलाहरु बाल्यकालमा वावुको अधिनमा उमेर पुगेर विवाह गरेपछि लोग्नेको अधिनमा र वुढेसकालमा छोराको अधिनमा हुन्छन् भनिएको छ भने इस्लाम धर्मका कडा कानुनले महिलाहरुलाई वुर्कावाट वाहिर निस्कने अनुमति दिदैन । यस प्रकारका विभेदहरु र असमान पहुँचहरुको अन्त्य गरिएमा मात्र लैङ्गिक समानता कायम हुन्छ । जसकालागि सैद्धान्तिक र व्यवहारीक परिवर्तनको आवश्यकता छ । हुनत विश्वमा आज क्रमिक रुपमा महिलाहरुको स्थितिमा परिवर्तनहरु भई रहेका छन् । कैयौं राष्ट्रका महिलाहरु उच्च नेतृत्वमा पुगेका छन् । कोरिया क्युवा जस्ता समाजवादी राष्ट्रहरुमा त डाक्टर वकिल इन्जिनियर र साँसद सम्मपनि महिलाहरु पुरुषको हाराहारीमा वा वढि संख्यामा पुगेका छन् । आज महिला विरुद्धका सवै विभेदकारी कानुनहरु, चलनहरु, सँस्कारहरुको जग हल्लिएका छन् । भने कतिपय विभेदका पहाडहरु ध्वस्त भईसकेका छन् । तर पनि कति पय अवस्थामा महिलाका समस्या महिलाले नै नवुझि वाधक वनिरहेको पनि देखिन्छन् । अतः महिलामा हुने पराधिन मानसिकता र पुरुषमा हुने प्रभुत्वशाली मानसिकता रहे सम्म लैङ्गिक समानता कायम हुन सग्दैन र समाज अगाडि वढ्न सग्दैन ।

यसका लागि पुरातनवादी अवैज्ञानिक सामाजिक दृष्टिकोण र मान्यतामा व्यापक परिवर्तनको खाँचो छ । महिला आन्दोलन सहितको सामाजिक क्रान्तिको आवश्यकता छ । त्यसो हुनकालागि पूर्वसर्त भनेको हरेक समाजको वस्तुगत अध्ययन अति जरुरी छ । जसको एउटा पाहिला यो शोधपत्र हुने आशा राख्न सकिन्छ । यस्ता हजारौं अनुसन्धानहरुले समाज समता मुलक र समुन्नत हुन सक्छ ।

## १.२ समस्याको कथन

नेपालको कुल जनसङ्ख्या मध्ये ५१ प्रतिसत महिलाहरु छन्, आधा भन्दा वढी आकास ढाक्ने देशको ठूलो जनसंख्या शिक्षा, स्वास्थ्य, संचार आदि क्षेत्रमा न्युन पहुँच राख्दछ । कडा परिश्रमले सताइने नेपाली महिलाहरुको सामाजिक र आर्थिक अवस्थालाई हेर्दा दोश्रो दर्जाको नागरिक सरह महशुस गरिन्छ । (**केन्द्रिय तथ्याङ्क विभाग, २०६८**) नेपाली महिलाहरुको अर्को समस्या भनेको सहभागिताको हो । घर वाहिर वस्ने पुरुषहरुको प्रसंसा गरि नथाक्ने समाजले एक रात घरवाट टाढा वस्दा महिलामाथि छड्के नजरले हेर्दछ । नाना थरिका पवित्रता र अपवित्रताका पुराण पढाईन्छ । यसै कुराले के प्रष्ट हुन्छ भने शिक्षा, विवाह, पेशा, र आस्थामा पनि महिलाहरुले आत्मनिर्णय गर्न पाउदैनन् । उनिहरु पुरुषमा

निर्भर हुन्छन् । विश्वमा महिलाहरुको स्थानको कुरा गर्दा अमेरीकन र युरोपीयन महिलाहरुको तुलनामा एसिया र अफ्रिकामा महिलाहरुको स्थान कमजोर रहेको पाइन्छ महिलावादी आन्दोलनहरुले पनि महिलाहरुको हक, हित र स्थान खोज्नको लागि केहि हद सम्म सहयोग गरेको पाइन्छ तर कर्णालीका महिलाहरुको सामाजिक आर्थिक स्थितिमा केहि सुधारका लक्ष्यणहरु देखिएपनि त्यो नेपालका अन्य क्षेत्रका तुलनामा ज्यादै कमजोर छ ।

वहुमतमा रहेको नेपाली महिला जनसंख्याको सामाजिक र आर्थिक पक्षको मुल्याङ्कन गर्नु महत्वपूर्ण विषय हो । यही विषयलाई मुख्य आधार वनाएर । यस अध्ययनलाई केन्द्रित गरिएको छ । नेपाल गाउँ नै गाँउ मिली वनेको देश हो । त्यसैले यो अध्ययन गाँउ केन्द्रित छ । साथै हाम्रो देश सहरीकरणको प्रक्रियामा छ । यस बस्तीमा भाषा, संस्कृति, चाल चलनहरु, चाडपर्व, आपसी सहयोग पेशा देखि लिएर परमपुर्खा देखि एउटै जाति धर्ममा आवद्ध विभिन्न गाउँ बस्तीहरुको गाउँले वातावरण हो यो अध्ययन यातायातको विकासका कारणले गर्दा थोरै भएपनि सहरी हावामा घुलमिल भएकै छ । तर यो अध्ययन गाउँ केन्द्रित छ । यस वस्तीमा भाषा, सँस्कृति चालचलनहरु, चाडपर्व, आपसी सहयोग, पेशा देखि लिएर परम्पुर्खा देखि एउटै जाती धर्ममा अवद्ध विभिन्न गाँउ वस्तीहरुको गाँउले वातावरण हो जहाँ ९ वटा गाँउहरु मिलेर वसेका छन् । प्रस्तुत अध्ययनको उद्देश्य प्राप्तिका लागि निम्न **अनुसन्धान प्रश्नहरु** उठाइएको छ ।

१. अध्ययन क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थाको अध्ययन ।
२. के कस्ता कारणले गर्दा अध्ययन क्षेत्रका महिलाहरुको अवस्था दयनिय हुन पुगेको हो?
३. अध्ययन क्षेत्रका महिलाहरुमा कस्तो सामाजिक सांस्कृतिक परिर्वन आएको छ?
४. यस अध्ययन क्षेत्रका महिलाहरु पछाडि पर्नुको कारण पत्ता लगाउने ?

## १.३ अध्ययनको उद्देश्य

यो अध्ययनका निम्न उद्देश्यहरु राखिएका छन् :-

१. जुम्ला जिल्ला बड्की गा.वि.स. का महिलाहरुको सामाजिक, आर्थिक, सांस्कृति अवस्था र त्यसले अहिलेको जीवन पद्धतिमा पारेको प्रभाव पत्ता लगाउने
२. जुम्मा जिल्ला बड्की गा.वि.स. का महिलाहरु पछाडि पद्नुका कारणहरु पत्ता लगाउने ।

३. यस क्षेत्रको महिलाहरुको सामाजिक आर्थिक र सांस्कृतिक क्षेत्रमा भोल्नु पर्ने समस्याको अध्ययन ।

## १.४ अध्ययनको औचित्य

यो अध्ययन स्नातकोत्तर तह समाजशास्त्रको लागि आंशिक रुपमा तयार गरिएको हो । प्रस्तुत अध्ययनको लक्ष्य बड्की गा.वि.स.का महिलाहरुको सामाजिक, आर्थिक स्थितिको तथ्याङ्क उपलब्ध गराउनु हो । यसका लागि उत्पादन गरिएका तथ्याङ्कहरु विकासका कार्यक्रम वनाउन, स्वास्थ्य, शिक्षाका सुविधाकालागि पूर्वाधार निर्माण गर्न र विभिन्न कार्यक्रम तर्जुमा गर्न तथा सरकारी गैह्र सरकारी सँघसंस्था र निकायहरुले यस क्षेत्रका महिला सम्वन्धि अध्ययन गर्नमा सघाउ पुयाउने छ ।

## १.५ अवधारणत्मक ढाँचा


महिलाहरुको सामाजिक -आर्थिक स्थिति निर्धारणमा धेरै पक्षहरुले भुमिका खेल्दछन् । यो अध्ययनमा शिक्षालाई Conceptual frame work मानी महिलाहरुको स्थितिको विश्लेषण गरिएको छ । शिक्षा आर्जन गर्ने महत्वपुर्ण समयमा केटीहरु घरेलु कार्यमा आमा वुवालाई सघाउँछन् विद्यालय गए पनि सानै उमेरमा विद्यालय छोड्छन् । अनुतिर्ण भई कक्षा दोहरयाउछन् । विभिन्न कारणले उनिहरु शिक्षाका अवशरहरुवाट वञ्चित हुन्छन् । शिक्षा विना महिला वा पुरुष कोही पनि अघि वढ्न सग्दैनन् । त्यहि भएर होला भावि संविधानमा शिक्षा निशुल्क र अनिवार्य हुनु पर्छ भन्ने आवाज उठिरहेको छ ।

महिलाहरुको स्थिति थाहा पाउने अर्को महत्वपूर्ण सुचक भनेको स्वास्थ्य हो जुका परेको थाह नपाई ज्यान गुमाउनु पर्ने वाध्यता र भाडापखाला परेका लाई पानी दिनु हुन्न भन्ने याँहाको आम स्वास्थ्य चिन्तन ले केही तस्वीर त भाल्काउछ । त्यसमा पनि १ लाख जनसंख्यालाई ३ दरवन्दि भएपनि १ जना डाकटरको सेवा उपलब्ध हुन गाह्रो हुने स्थितिवाट उत्पन्न हुने समस्याहरुलाई  पनि नजर अन्दाज गर्न सकिदैन ।

यसका साथै हरेक काममा आज महिला सहभागिताको कुरा उठीरहेका छन् । महिलाहरुलाई विकासका विभिन्न कार्यमा सहभागिता गराएमात्र उनिहरु श-सक्तिकरण हुन्छन् । यस वाहेक विवाह पनि महिलाहरुको जीवनमा महत्वपुर्ण पक्ष हो । विवाहले

महिलाहरुको भावि जीवन कस्तो हुने भन्ने भएकाले यो विषयले पनि अध्ययनको महत्व राख्नेछ ।

**अवधारणत्मक ढाँचा**



# अध्याय २

# साहित्य समिक्षा

## २.१ महिलाका सावल तथा मुद्धाहरु सम्वन्धि साहित्यको समिक्षा

महिलाहरुका समस्या र समाधानका विषयमा विभिन्न स्वदेशी तथा विदेशी विद्धानहरुका विचार, अध्ययन र दृष्टिकोणहरु छन् । नेपालले पनि पुरुष सरह महिलालाई अधिकार प्रदान गर्ने विभिन्न अन्तराष्ट्रिय महासन्धिहरुमा आफ्नो समर्थन औपचारिक रुपमा प्रदर्शन गरेको छ । महिलासँग सम्बन्धित सवालहरुलाई मुखरीत गर्न विभिन्न समयमा अन्तराष्ट्रिय महिला सम्मेलनहरु भएका छन् त्यस्ता सम्मेलनहरुले अघि सारेका सवालहरुलाई विभिन्न देशका सरकारहरुले आफ्नो देशको सम्बन्धमा लागू गर्ने प्रत्यत्न गरेका छन् । यसै सम्बन्धमा नेपाल सरकारले छैठो योजनादेखि महिलाको समस्याको सवाललाई कुनै न कुनै रुपमा स्वीकारेको देखिन्छ । हालसम्म सम्पन्न भएका चारवटा महिला सम्बन्धि अन्तराष्ट्रिय सम्मेलनले निर्धारण गरेका सवाललाई मध्यनजर गर्दै सम्बन्धित देशका सरकारहरुले महिला विकासका कार्यक्रमहरु निर्धारण गरेका छन् ।

नेपालको सन्दर्भमा विभिन्न राजनीतिक दल, गैह्र सरकारी संस्थाहरु, विभिन्न सरकारी संस्थाहरु, नागरिक समाज, आदि सबैले आजको सन्दर्भमा महिलाहरुका समस्या र समाधानका विषयमा बहस चलाएका छन । आफ्नो दृष्टिकोणहरु अघि सारेका छन् । यस्ता समस्त प्रक्रियाहरुले महिलाका समस्या बुझ्नमा सहयोग गर्दछ । साथै सरकारी तथा गैरसरकारी प्रतिवेदनहरु प्रकाशित छन् । ति मध्ये निम्न शिर्षकहरु सँग मिल्दा सन्दर्भहरु समिक्षामा राखिएको छ ।

### २ .१.१ महिला र उमेर

सिर्सियामा ५ वर्ष देखि ९ वर्ष उमेर समुहका पुरुष बच्चाहरुले प्रत्येक दिन १.२४ घण्टा काम गर्दछन भने त्यही उमेरका महिला बच्चाले २.०५ घण्टा काम गर्दछन । पुरुषहरुले उत्पादनसिल कार्यमा ९२.२% समय विताउँदछन् भने महिलाले त्यही उत्पादनसिल कार्यका लागि ३८.८% समय विताउछन । तर पनि महिलाले पुरुष भन्दा बढी काम गर्दछन । पुरुषका लागि ७ घण्टा फुर्सदको समय हुन्छ भने केटीहरु १० दखि १४ वर्ष उमेर समुहका ले ५ घण्टा प्रति दिन सरदर काम गर्दछन **(आचार्य, मिना १९८१:१२७)**

मानव विकास प्रतिवेदन १९९८ का अनुसार "पहिलो जन्म दिवस मनाउन नपाउँदै प्रतिहजारमा ७५ .२ जना वालिकाहरु मर्छन्" ।

### २.१.२ महिला र विवाह

महिलाको स्थितीका लागि विवाह पनि एक महत्वपुर्ण पक्ष हो । किनभने वैवाहिक प्रक्रियाबाट महिलाको स्थिती छोरी बाट बुहारीमा परिर्वन हुन्छ । जसले महिलालाई पुर्ण रुपमा श्रीमान माथि निर्भर गराउँछ । Acharya M. and L. Bennett (1981) The Status of women in Nepal का अनुसार किनभने महिलाको परिवार माथि श्रीमानको माध्यमबाट मात्र अधिकार हुन्छ । नेपालको सम्पति माथिको अधिकारका बारेमा बेनेटले लेखेकी छन् "पुरुषहरु जैविक रुपमा जन्मबाट नै सम्पति माथिको अधिकार ल्याएर आएका हुन्छन्" महिलाको सम्पति माथिको अधिकार पुर्ण रुपमा उनको विवाहको सामाजिक तथ्यमा निर्भर रहन्छ र उनको आर्थिक सुरक्षा वैवाहिक आचरणमा निर्भर रहन्छ । मुलुकी ऐन ले विवाहका लागि १८ वर्ष तथा २० वर्ष पछि मात्र अनुमति दिएको छ तर युनिसेफले भनेको छ २२% ले १३ वर्षको उमेरमा विवाह गर्छन भने ५०% ले २० वर्षको उमेरमा विवाह गर्दछन् विकासोन्मुख देश हरुका महिलाहरुले कलिलै उमेरमा विवाह गर्छन । यु.एन.का अनुसार ५०% अफ्रिकन ४०% एसियन र ३०% लेटिन अमेरिकन महिला १८ वर्षको उमेरमा विवाह गर्छन । नेपाल मानव विकास प्रतिवेदन १९९८ का अनुसार ४४ प्रतिसत महिलाहरुको विवाह १९ वर्ष नपुग्दै हुन्छ । र विवाहित ४ प्रतिसतले १९ वर्ष नपुग्दै वच्चा जन्माउछन् । मानव विकास प्रतिवेदन २००४ मा उल्लेख भएअनुसार नेपाली महिलाको विवाह गर्ने औषत उमेर सन १८७१ मा १६.८ वर्ष थियो भने सन २००१मा १९.५ वर्ष पुगेको छ ।

### २.१.३ महिला र शिक्षा

Acharya M. and L. Bennett (1982) प्रकाशित पुस्तक 'Women and the Sussistence Sector' का अनुसार मानिसले केटाहरु भन्दा केटीहरुलाई शिक्षित वनाउन कम इच्छा राख्दछन् । किनकी थोरै मानिसले मात्र केटीहरुलाई विद्यालय पठाउँछन् र केहीले मात्र छोरा र छोरीको शिक्षा वरावर चाहन्छन् । उनिहरुले प्रकासित गरेको पुस्तक Women and the subsistence sector economic participation and household

decision making in Nepal मा महिलाको साँकृतिक प्रारुप र मान्यताको सम्वन्धका साथै महिला र पुरुषले गर्ने कामको वाँडफाँड र महिलाका स्थितिका वारेमा विश्लेषण गरिनेछ । उक्त कृतिमा सामाजिक, आर्थिक, जानसँख्याकिक आदि जटिल पक्षमा महिलाहरुको निर्णय गर्ने भूमीकामा प्रभाव पारेका छन् । जसमा घरेलुकाम र कृषि उत्पादनमा ८६ प्रतिसत महिलाहरु उत्तरदायी छन् । छोरीको अध्ययनमा जोड दिदै घिमिरेले छोरालाई शिक्षित वनाउनु भनेको एक व्यक्तिलाई शिक्षित वनाउनु हो भने छोरीलाई शिक्षित वनाउनु भनेको पुरा परिवारलाई नै र समाजलाई नै शिक्षित बनाउनु हो त्यसकारण महिलालाई शिक्षामा आत्म निर्भर हुन बढि उत्पादक हुन सिपयुक्त हुन र तिनिहरु समाजमा ठिक स्थान छान्न आवश्यक छ र महिलालाई राष्ट्रको विकासको मुलधारमा प्रवेश गर्न पनि शिक्षाको आवश्यकता छ ।

महिला शिक्षाका वारेमा जतिपनि अध्ययन, प्रतिवेदन र विचारहरु छन् ती सवैको निचोड महिलाहरुलाई शिक्षा दिनुको विकल्प छैन । त्यही भएर होला देशको संविधान ऐन, कानुनहरुमा महिला शिक्षाका वारेमा विशेष खालका प्रावधानहरु राखिएका छन् तर छोरीलाई पढाउनु पर्छ भन्ने सामाजिक अभियान अँझै विकास हुन सकिरहेको छैन । राज्यले महिला शिक्षामा लगानी वढाएको छ । तर सोही अनुरुप प्रतिफल प्राप्त हुन सकिरहेको छैन । यसका कारणहरुमा वालीकाहरुमा पारीवारिक कामको बोझ हुनु, विद्यालय संचालनमा अनियमितता हुनु, गरिवी हुनु, शिक्षाको उपादेयता वारे न्युन मूल्याङ्कन हुनु, विद्यालय भित्र विभेदपूर्ण वातावरण हुनु र मातृभाषामा शिक्षा दिने परिपाटीको अभाव हुनु आदि ।
*(नेपाल मानव विकास प्रतिवेदन २०१० )*

## २.१.४ महिला र सामाजिक भेद भाव

वलराम आचार्यको 'लैङ्गिक अध्ययन' नेशनल बुक्स सेन्टर, भोटाहिटी, काठमाडौ नामक पुस्तकमा महिलाहरु सामाजिक र साँकृतिक रुपमा नै पिडित हुनुपर्ने कही सामाजिक विभेदहरु औल्याइनेछ । लेखकका अनुसार :

१. लैङ्गिक आधारमा महिला पुरुष वीच, महिला महिला (सासु वुहारी, नन्द र भाउजु, पढे लेखेका र नपढेका, सहरिया र गाँउले, उपल्लो जात र तल्लो जात) बीच विभेद गरिन्छ ।
२. सहरिया महिला र गाँउले महिला विच विभेद ।

३. सम्पति माथिको स्वामित्व र त्यसको चलखेल माथि महिला र पुरुष वीच विभेद छ ।

४. धार्मिक कार्य गर्न र काज क्रिया गर्न पढ्न घुमफिर गर्न आदिमा महिला र पुरुष वीच विभेद छ । घरायसी कार्यमा काम गर्ने समय पुरुषको तुलनामा महिलाको निकै बढि छ । उक्त पुस्तकमा नेपालमा सँस्कृतिका नाममा महिलामाथि हुने गरेका शोषणहरुलाई औल्याइएको छ । जसका केही उदाहरणहरुमा उल्लेख गरिएको छ :

१. सुदुर पश्चिमाञ्चलको देउकी प्रथा ।

२. दाङ्ग देउखुरीको वादी प्रथा ।

३. झुमा प्रथा र नारी प्रतिको व्यवहार ।

४. नेपाली समाजमा गाँजिएको दाईजो प्रथा ।

५. मकवानपुर तिरको चेलिवेटी वेच विखन प्रथा ।

६. मनाङ्ग मुस्ताङ्ग तीरको वहुपति प्रथा ।

७. कुमारित्वको धारणा र छिटो विवाह गर्ने प्रचलन ।

८. रजस्वला हुने नियमित प्रक्रियामा शुद्धता र अशुद्धताका लागि अर्थहिन मान्यता र कठोर  व्यावहार आदिलाई लिइएको छ ।

यी परम्परागत प्रथाका साथै ‘वोक्सी’ ‘टोकाइ’ आदिको लाञ्छाना, घरायसी हिंसा, यौन शोषण अनि महिला सामाजिकिकरणमा गलत प्रक्रियाहरु रहेको कुरा उल्लेख गरिएको छ । यी सवै कुप्रथाहरु सामाजिक कलंकका रुपमा नेपालीसमाजमा विद्यमान छन् । कानुनद्धारा नै दण्डनीय भई सकेका यी प्रचलनहरुलाई हटाउन नागरिक चेतना र शिक्षालाई बढि जोड दिनु पर्छ । मानव धर्म र प्रगतिशिलविचारको प्रचार र व्यवहारको पनि अति खाँचो छ ।

### २.१.५ महिला र स्वास्थ्य

प्राकृतिकरुपमा नै महिलाहरु अत्यन्त कोमल शारिरीक वनोटका हुन्छन् । प्रजनन् प्रक्रियामा १० महिना सम्म गर्भ वोक्नु पर्ने र प्रसूती भए पछि पनि बच्चालाई हुर्काउने क्रममा महिलाहरुको स्वास्थ्य अति कमजोर हुन्छ । यस कुरालाई विचार गरी वेइजिङ्ग महिला सम्मेलन बाट महिला स्वास्थ्य सम्वन्धि निम्न निर्णयहरु पारित गरिएका थिए ।

१. महिला प्रजनन् अधिकार सुरक्षित गर्ने ।

२. महिलाको स्वास्थ्य सुधारकालागि आर्थिक स्रोतहरु वढाउने ।

३. महिला स्वास्थ्य सम्वन्धि अनुसन्धान कार्य संचालन गर्ने

नेपालमा महिला स्वास्थ्य सम्वन्धि थुप्रै समस्याहरु देखिएका छन् । शिक्षाको कमि गरिवी, कलिलो अमेरमा विवाह गर्ने चलन, अस्पताल र स्वास्थ्य केन्द्रको कमि अन्ध विश्वास आदि कारणहरु यसमा जिम्मेवार रहेका छन् । दसौं योजना (२०६३ देखि २०६८) मा नेपाली महिलाको प्रजनन् दर २.६ प्रतिसत भन्दा कम हुन सकिरहेको थिएन । परिवार नियोजनका साधनहरु४५ प्रतिसत जनताले मात्र प्रयोग गरेको शिशु मृत्यु प्रतिहजार ४६ रहेको छ ।

यसै गरी नेपाल सरकारको २० वर्षे दिर्घकालिन स्वास्थ्य नीति लागु भएको छ । जसमा परिवार नियोजन तथा मातृ शिशु कार्यक्रमलाई सरकारी तथा गैह्र सरकारी सस्था मार्फत सँचालन गराउने, गाँउघरमा सुरक्षित मातृत्व सम्वन्धि अवधारणा अवगत गराउने र मातृत्व सम्वन्धि ऐन कानुनहरु पारित गराउने आदि योजनाहरु वनाईएको छ । ***केन्द्रिय तथ्याङ्क विभाग, २०६८*** का अनुसार हाल नेपालमा महिला स्वास्थ्यको अवस्था नवौं योजनाको समापन हुँदा सम्म महिलाको औषत आयु ६४.६, मातृ मृत्युदर प्रति लाखमा ४१५ जना, प्रजनन् अवस्थामा स्वास्थ्य सेवा उपलब्धता १०.८ प्रतिसत र प्रजनन् दर ४.१ रहेको छ ।

### २.१.६ महिला र कृषि

समाजशास्त्री सुजद्धारा लिखित पुस्तक "समकालिन भारतका महिलाहरु" का अनुसार दक्षिण एसियाका देशहरुमा ७० देखि ८० प्रतिसत महिलाहरु कृषिका कृयाकलापमा वा कृषि उत्पादकका रुपमा अथवा कृषि श्रमिकका रुपमा भर्ना भएका छन् । महिलाको भुमिका धेरै जसो कृषिका क्रियाकलापलाई पुरा गर्नु रहेको छ । कृषिमा संलग्न भएका मानिसहरुले तरकारी फलफुल खाना तथा पशुपालन गर्दछन् । राष्ट्रिय विकासमा महिलाहरुले खेलेको भुमिका महत्वपुर्ण छ ।

कृषि उत्पादन कार्यमा महिलाहरु पूर्ण रुपमा सँलग्न हुँदा हुँदै पनि रुढीवादी परम्परा र अन्धविश्वासका कारण उत्पादन स्वामित्व र उत्पादन निर्णयका साथै उत्पादनका साधनहरु महिलाहरुको पहुँच भन्दा टाढा रहेका छन । यदि नेपाली महिलाहरुलाई यी कुराहरुमा अधिकार सम्पन्न बनाउने हो भने राष्ट्रिय उत्पादन बढ्नुका साथै देशले कृषि क्षेत्रमा नयाँ आयाम् थप्न सक्छ । महिलाहरु कृषि विशेषज्ञ र कृषि वैज्ञानिकका रुपमा माथि उठ्न सक्छन् ।

## २.१.७ महिला र निर्णय प्रक्रिया

Stri Sahakit (1995) को प्रतिवेदन अनुसार धर्म, कानुन, परम्परा इतिहास र सामाजिक प्रवृतिहरु जस्त पितृसतात्मक उपरीसंरचना भएको समाजिक प्रणाली का कारण सार्वजनिकरुपमा महिला सहभागितालाई सिमित पारी दिएको छ । यी सवै सिमाहरु मानिसद्धारा निर्मित हुन्छन् ।

नेपाल पुरुषहरुको प्रभुत्व भएको देश हो । यहाँ महिलासहभागितालाई कम महत्व दिईन्छ । महिलाहरुलाई तवमात्र सहभागिता र निर्णयको अधिकार दिइन्छ जव पुरुष हरु घरमा हुँदैनन् अथवा घर वाहिर हुन्छन् । - *आचार्य मिना १९८१* )महिलाको अवस्था भन्ने कृति)

सोही कृतिमा अगाडि भनिएको छ महिलाहरुलाई कृषि क्षेत्रमा सिमित पारिएको छ । उनिहरुलाई खाली विउ वीजन को छनोटमा सिमित पारिन्छ ।महिलाहरु १८.५ प्रतिसतले मात्र आफ्नो निर्णय आफै गर्छन् । १२.५ प्रतिसतले पुरुषहरुसँग सँयुक्तरुपमा निर्णय गर्दछन्

नेपाली महिलाहरु निर्णय गर्ने तह सम्म पुग्दै नपुगेका भने होइनन् । केन्द्रमा उपप्रधान मंत्री, उपसभामुख र संविधान सभाका उपाध्यक्ष सम्म पुगेका छन् भने पार्टी नेतृत्वमा विभिन्न पार्टीका केन्द्रीय अध्क्षय सम्मपनि रहिसकेका नेपाली महिलाहरु विश्वका महिलाहरुकालागि प्रेरणा वन्न सग्दछन तापनि तल्लो वर्गका महिलाहरु भने माथि उठ्न सकेका छैनन् । घरायसी निर्णयमा पुग्नका लागि अभ्यासरत छन्

## २.१.८. महिला र नागरिक ऐन

नेपाल सरकारको वैधानिक कानुन २००४ ले नेपाली नागरिक महिला र पुरुषहरुले समानरुपमा हक हरु प्रयोग गर्न पाउने व्यावस्था गरे पनि व्यवहारमा त्यो लागू हुन सकेन । विसं २०२० मा वनेको मुलूकी ऐनले कानूनी रुपमा जातिपाति र छुवाछुतको अन्त्य गरी वहुविवाह, वालविवाह तथा विवाहमा उमेरको सिमा निर्धारण र अन्तरजाति विवाह गर्नसक्ने केही कानुनी अधिकारहरु प्रदान गऱ्यो । प्रजातन्त्रको पुनर्वहाली भई बनेको नेपालको संविधान २०४७ को धारा ११मा समानताको हकको प्रत्याभुती गरी पुरुष र महिलालाई समान कानुनी संरक्षण प्रदान गरेको छ । यसै गरि संविधानको धारा १२ मा स्वतन्त्रताको हक र धारा २० मा शोषण विरुद्धको हक, आदि व्यवस्थाले महिलाहरुलाई कानुनी रुपमा यथेष्ट अधिकार प्रदान गरेको थियो ।

२०६२।०६३को १९ दिने जनआन्दोलन पछिको वनेको अर्थात २०६३ माघ १ गतेको अन्तरिम संविधानमा ३३ प्रतिसत महिलाको अनिवार्य प्रतिनिधित्वको हुनु पर्ने र संविधान सभाको समानुपातीक निर्वाचनमा ५० प्रतिसत प्रतिनिधित्वको प्राबधानले नेपाली महिलाहरुले साँच्चिकै समानता प्राप्त गरेका छन् ।

Gender and Laws : Nepalese perspective का अनुसार कानुनविद् युवराज संग्रौलाले छोरीलाई जन्मदा नै सदस्यतावाट वञ्चित गरिने कानुनी व्यवस्थाले केही गभिर समस्या सृजना गरेको तथ्यलाई वुँदागत रुपमा उल्लेखित गरेका छन् ।

१. महिलाहरुको विवाह पूर्व व्यक्तित्वहिन हुने भएकाले आफ्नो इच्छा अनुसार कार्य गर्न पाउने अधिकार अपहरित भएको हुन्छ ।
२. छोरीको विवाह वाल्यअवस्थामा नै हुन्छ । कानुनले तोकेको उमेर पुग्ने कुरालाई पर्खने कार्य मात्र हुन्छ ।
३. यदि १० वर्ष सम्म सन्तान उत्पादन गर्न नसकेमा महिलाले श्रीमानसँगको एकलौटी सम्वन्धलाई त्याग्नु पर्छ । त्यसपछि परिवारको सदस्यतामा महिलालाई अपूर्णताको सृजना हुन्छ । जसले गर्दा महिलाले वहुविवाहको सिकार मात्र हुनु पर्ने होईन १० वर्ष भित्रमा सन्तान प्राप्ती गरिसक्नु पर्ने भएकाले आफ्नो व्यक्तित्व निर्माण गर्नु पर्ने नैसर्गिक अधिकारलाई कुण्ठित पारी वैवाहिक सम्वन्धसँग सम्झौता गर्नु पर्ने हुन्छ ।

विगतमा यस किसिमको अवस्था रहेपनि हालको देशको परिवर्तनले यी व्यवस्था र वाध्यताको अन्त्य भएको छ । सारमा के वुझ्न सकिन्छ भने देशमा ठूला-ठूला परिवर्तन भएपनि स- साना कुराहरु र व्यवहारमा परिवर्तन ल्याउन अँझै बाँकि नै छ । महिलाहरुलाई समानताको प्रत्याभूती आर्थिक समानता सहितको व्यवस्थाले मात्र दिन सक्छ ।

### २.१.९ महिला र अर्थव्यवस्था

विश्वका गरिव देशहरु मध्ये नेपाल एक हो । यहाँको प्रति व्यक्ति आय २८० अमेरिकी डलर छ । यसका साथै नेपाली ग्रामिण क्षेत्रका महिलाहरुको जीवन स्तर अत्यन्त दयनीय अवस्थामा छ । **नेपाल मानव विकास प्रतिवेदन २००९** मा उल्लेख भए अनुसार २००८ को नेपालको जीवनस्तर सर्वेक्षणले उत्पादनशिल श्रमशक्तिको दर महिलाको लागि ६६ प्रतिसत र पुरुषका लागि ७५ प्रतिसत देखाईएको छ । यस प्रतिवेदनमा आर्थिक रुपमा सक्रिय महिलाहरु मध्ये जम्मा ४ प्रतिसत महिलाहरु मात्र औपचारिक क्षेत्रमा रोजगारी गर्छन

। अधिकाँस महिलाहरु आफ्नै काममा र कृषि क्षेत्रमा सँलग्न छन् । जति पनि महिलाहरु गैह्र कृषि अथवा औपचारिक क्षेत्रमा कार्यरत छन तिनिहरु अधिकाँस कम उत्पादकत्व र कम मजदुरीमा सिमित छन् । **सन १९९७ मा डा. आचार्य मिनाले** तयार पारेको लैङ्गिक समानता र महिलाको सशक्तिकरण स्थिति प्रतिवेदनमा शहरी भेगका अंश संगठित क्षेत्रमा ७८ प्रतिसत मात्र ज्याला पाउने उल्लेख गरिएको छ ।

नेपाल मानव विकास **प्रतिवेदनमा** जनाए अनुसार भारतका विभिन्न शहर हरुमा १ लाख देखि २ लाख महिलाहरु यौन व्यापारमा संलग्न छन् र प्रति वर्ष ५००० नेपाली महिलाहरु यस्तो व्यवसायमा जाने गरेको अनुमान गरिएको छ । यस प्रतिवेदनका अनुसार ४.१ प्रतिसत महिलाहरु अर्ध वेरोजगार छन् । ७.३ प्रतिसत महिलाहरु नगद आउने काममा छन् । ६३ प्रतिसत महिलाहरु नगद नआउने कार्यमा संलग्न छन् । साथै कमलरीका रुपमा अर्काको घरमा वस्ने विशेष गरि मध्ये पश्चिम र सुदुर पश्चिमका थारु महिलाहरु श्रम र यौन शोषणमा पर्ने तथ्य उल्लेख गरिनेछ ।

अन्तत नेपाली महिलाहरु एक दिनको कम्तिमा ११ घण्टा काममा विताउछन् । तर पुरुषहरु ७.५ घण्टामात्र काम गर्छन् । सम्पुर्ण आयमा ५० प्रतिसत महिलाको योगदान छ । अतः महिलाहरुलाई हक अधिकार र सहभागितामा पछाडी पारिएको कारणले राष्ट्रिय उत्पादन, राष्ट्रको प्रतिष्ठा र राष्ट्रिय गौरवमा ह्रास भएको भन्नुमा अतियूक्ती नहोला । महात्मा गान्धी भन्दछन्, महिलालाई ‘अवला’ भन्नु तिनीहरुको आन्तरिक शक्तिलाई तिरस्कार गर्नु मात्र नभई अपमान गर्नु हो । राष्ट्रको गौरवका लागि तिनीहरुले मुहार फेर्न सक्छन् ।

साहित्य समिक्षाको माध्यमबाट यो अनुसन्धान गर्नको लागि धेरै सन्दर्भहरुलाई अध्ययन तथा विश्लेषण गरिएका थिए । जुन अध्ययन विधी अपनाउन सहयोगी भए । अध्ययन प्रतिवदेनको निर्ष्कष सम्म पुगुन्जेल नमुना छनौट गर्न, अध्ययनलाई गुणात्मक बनाउन, प्रमुख समस्याको पहिचान गर्न, उपयूक्त शिर्षकको छनौट गर्न यो साहित्य समिक्षा सहयोगी भएको छ । यो आशा गरिएको छ की यस अध्ययनले नेपालका महिलाहरुको सामाजिक आर्थिक स्थितीका क्षेत्रमा गरिएको पहिलेको अध्ययनको सहयोगी हुनेछ ।

## २.२. परिभाषा

**साक्षर** : अक्षर चिन्न र लेख्न जान्ने ।

**निरक्षर** : अक्षर चिन्न र लेख्न नजान्ने ।

**एकल परिवार** : लोग्ने स्वास्नी र तिनका छोरा छोरी मात्र रहेको अपेक्षाकृत सानो परिवार

**संयूक्त परिवार** : आमा बाबुका अतिरिक्त नातेदार हरु सँगै बसेको परिवार ।

**बृहत परिवार** : एक वा एक भन्दा बढी बाजे, बराजुहरुबाट जन्मेका सन्तान हरु भएपनि एउटै घर वा सम्पति भित्र अटाएको वा नअटाएको तर अंशवण्डा नभएको परिवार

**चुट्किला** : कर्णाली अञ्चलमा विभिन्न अवसरमा गाइने परम्परागत गित यि गितहरु विशेष गरी छोरा जन्मदा विवाह गर्दा तिर्थ जाँदा वा देवी देवताको स्तुति गर्दा गाइन्छ ।

**मागल** : शुभ कार्यमा गाइने स्तुति गान वा प्रशंसा र शुभ-कामनाका गितहरु ।

**विलौनाका गित** : दुःखका गित , वियोगका गित ।

**शुद्धता अशुद्धता** : अध्ययन क्षेत्रमा महिलाहरु रजस्वाला हुंदा नछुने भनी घर देखि टाढा वा पशुवस्तु राख्ने गोठमा वसालिन्छ । ३ दिन ५ दिन र ७ दिन पछि मात्र तिनीहरुलाई चरणवद्धरुपमा क्रमशः आँगन कोठा र भान्सामा जाने अनुमति हुन्छ ७ दिन पुरा भई सकेको अवस्था शुद्धता र त्यस भन्दा पहिलेको अशुद्धताको अवस्था मानिन्छ । अशुद्धताको बेला महिला मात्र होइन तिनका पुरुष हरुलाई पनि पुजा आजा र मृत्यु संस्कारका क्रियाकलापमा भाग लिन बर्जित गरिन्छ ।

## अध्याय:तीन

## अनुसन्धान पद्धति

### ३.१ अध्ययन क्षेत्र छनोटको तार्किक आधार

जुम्ला जिल्लाका ९ वटै गाविसको बीचमा पर्ने बड्की गा.वि.स शोधकर्ता आफू बसेको गा.वि.स हो । साथै सोधकर्ताको आफ्नो गाविस भएकाले अध्ययनमा सरलता र सूचनाहरु विश्वसनीय हुने ठहरका साथ यो गाविस नै अध्ययन क्षेत्र रोजिएको हो । २०६८ साल श्रावण महिनादेखी चैत्र महिना सम्म पुरा ९ महिना अध्ययन गरिएको थियो ।

### ३.२ अनुसन्धान ढाँचा

यो अध्ययनको लागि अन्वेषणात्मक र गुणात्मक ढाँचा अपानाइएको छ । गुणात्मक र परिणात्मक तथ्याङ्क र सुचना संकलन गरिएको छ । प्रस्तुत अनुसन्धानको लागि अन्वेषणात्मक र वर्णनात्मक अनुसन्धान ढाँचा तथ्याङ्कको प्रकृति र अध्ययनको उद्देश्यको आधारमा छनोट गरिएको छ ।

### ३.३ समग्रता, यादृच्छिक र नमूना आकार

जनसङख्याको हिसावले बड्की गाविस जुम्ला जिल्लाको सवभन्दा मध्यम खालको गा.वि.स. हो । यस गाविसमा वसोवास गर्ने मानिसहरु विविध जाती, भाषा, धर्म, पेशा, र साँस्कृतिक र आर्थिक स्तरका छन् । यस गाविस अनुसार जम्मा जनसंख्या ४८७६ छ । जस्मा २४८५ महिला र २३८८ पुरुष छन् । जम्मा ७४६ घर धुरी रहेकोमा एउटा वार्डवाट कम्तिमा फरक फरक घरका १० जना महिला नछुट्ने गरि जम्मा ९५ जना विभिन्न धर्म, जाति र उमेर समुहका महिलाको प्रतिनिधित्व हुने गरि सम्भाव्यतायुक्त नमुना छनोट बाट अध्ययनको लागि नमुना लिइएको छ ।

### ३.४ तथ्यांङ्क सङ्कलनको स्रोत तथा प्रकृति

यो अध्ययन मुख्यतया प्राथमिक तथ्याङ्कमा आधारित छ । प्राथमिक तथ्याङ्कहरु आफैले अध्ययन क्षेत्रबाट कार्यक्षेत्र अध्ययन गरेर संकलन गरिएको छ । यसका साथै आवश्यकता अनुसार द्धितीय तथ्यांकलाई पनि सुहाउँदो ठाँउमा प्रयोग गरिएको छ । द्धितीय तथ्यांकहरु विभिन्न प्रकासित अप्रकासित सामाग्री र पुस्तकहरु प्रतिवेदनहरु तथा जर्नलहरु

लेख रचना र सरकारी तथा गैह्रसरकारी कागज पत्रहरुवाट सूचनाहरु संकलन गरिएकोछ । यस अध्ययनको उद्देश्य र अनुसन्धान प्रश्नहरुको आधारमा गुणात्मक र परिणात्मक तथ्याङ्क संकलन गरिएको छ ।

### ३ .५ तथ्याक संकलन  पद्वति

यो तथ्याङ्क संङ्कलन पद्वति निम्नानुसारका तथ्याङ्क सङ्कलन पद्वति अपनाई प्रयोग गरिएको छ ।

### ३.५.१ अन्तर वार्ता

यो पद्वति लक्षित जनसँख्याबाट स्तरीय जानकारीहरु सङ्कलन गर्न प्रयोग गरिएको थियो । अन्तरवार्तामा १६ वर्ष देखि ६५ वर्षका महिलाहरुको शिक्षा, पेसा, पारीवारिक आय स्रोत, परिवारको आयको आकार आदि सूचनाहरु सङ्कलन गर्न अन्तरवार्ताको माध्यम अपनाइएको थियो ।

### ३.५.२ अवलोकन

अनुसन्धानका प्रमुख साधनहरुमध्ये अन्तरवार्ता एक हो । सामाजिक अनुसन्धाानका लागि सहभागिहरु र असहभागिहरु अवलोन गरी स्तरीय जानकारीहरु प्राप्त गरिएको थियो । सामाजिक दृश्यहरुलाई आँखामा कैद गरी शब्द संयोजन गरियो (यसको मतलब अवलोकन गरिएको थियो ) साथै घरहरुको बनोट सामाजिक क्षेत्र, जन्म संस्कार, महिलाहरुको प्रयोग हुने गरगहना लगाएर सांस्कृतिक समारोह तथा पर्वहरुको प्रत्यक्ष अवलोकन गरियो ।

### ३.५.३ विषयवस्तु विश्लेषण

यो अध्ययनको लागि केही आवश्यक तथ्याङ्कक हरु द्बितिय स्रोतबाट लिइएको छ । यसको लागि विषयवस्तु विश्लेषण पद्धति अपनाइएको थियो । अनुसन्धानदाताले विभिन्न सरकारी र गैर सरकारी संस्थाका प्रतिवेदन जर्नल, आदिबाट द्बितिय तथ्याङ्ककहरु संकलन गरिएको थियो । यो विधिको प्रयोग तथ्याङ्कको प्रकृति र अनुसन्धानको उद्देश्य अनुरुप गरिएको थियो ।

### ३.५.४ प्रमुख पात्रहरुसँग अन्तरवार्ता

गहिराइमा पुगेर सही सूचनाहरु लिनका लागि स्थानीय नेता, शिक्षक, सामाजिक कार्यकर्ता ,सरकारी तथा गैह्रसरकारी संघ सँस्थाका प्रतिनिधिहरुको छनोट गरिएको थियो ।

## ३.६ तथ्याङ्क प्रशोधन तथा विश्लेषण

विभिन्न विधिहरुवाट संकलन गरिएका तथ्याँकहरुलाई वर्णनात्मक विधिवाट व्याख्या गरिएको छ । त्यसपछि शिक्षा, पेसा, उमेर आदिमा छुट्याइयो । त्यसैवाट महिलाका सामाजिक तथा आर्थिक क्रियाकलापलाई वर्णनात्मक विधिवाट व्याख्या गरिएको छ ।

## ३.७ तथ्याङ्कको वैधता र विश्वासनियता

संकलित तथ्याङ्क हरुलाई तथ्याङ्क शास्त्रीय विधिवाट परिक्षण गरिएकोछ । योजनावद्ध र होसियारीका साथ प्रयोग गरिएका अन्तरवार्ता, प्रश्नावली र अवलोकनबाट प्राप्त नतिजाहरु लाई तर्कपूर्णरुपमा सत्यतासँग जाँच गरिएको छ । तथ्याङ्कहरु सोधकर्ता आफै कार्यक्षेत्रमा गएर पूर्वतयारी प्रश्नावलीका साथ तथ्याङ्कहरु संकलन गरिएकोछ ।

## ३.८ अध्ययनको सिमा

यो अध्ययन जुम्ला जिल्लाको बड्की गा.वि.स.का महिलाहरुको सामाजिक र आर्थिक अवस्थाको विश्लेषणका लागि मात्र गरिएको छ । यो अध्ययन क्षेत्रलाई देशका अरु क्षेत्रसँग सम्पूर्णरुपमा दाँज्न सकिदैन । तसर्थ यस अध्ययनले अन्य क्षेत्रलाई समेट्न सक्दैन । यो सामाजिक र आर्थिक अवस्थाको मात्र चित्रण भएकाले. यसले राजनीति लगायतका अन्य क्षेत्रलाई समेट्न सग्दैन ।

# अध्याय ४

## जुम्ला जिल्लाको सामान्य वर्णन

### ४.१ जुम्ला जिल्लाको सामान्य वर्णन

### ४.१.१ जुम्ला जिल्लाको नामाकरण

चन्दनाथ गाविसका वडानं ३, ४ ७ र ९ को वीचमा पर्ने देवल डाँडा र गरल डाँडा भन्ने दुई वटा डाँडाहरू एउटै आकार, उत्तिकै लम्वाई चौडाईं र उचाईका छन् । प्राचिन समयमा मानिसहरूले यी डाँडाको नाम यमल (सँस्कृत भाषामा) डाँडा राखेका थीए । जस्को नेपालीमा अर्थ जुम्लयाहा भन्ने हुन्छ । यमल शब्द समय समयमा परिवर्तन हुदै जाँदा यमल, जमल, जुमल हुँदै जुम्ला रहन गएको हो ।

*(स्रोत रत्नाकर देवकोटा वृहत जुम्ला राज्यको ऐतिहासिक विवेचना पेज नं २२८)*

जुम्लावासीको जन जिव्रोमा झुण्डिएको शब्द भनेको त्यही जुम्लयाहा डाँडा वाट जुम्ला रहन गएको हो भन्ने नै छ । चन्दनाथ मन्दिर तिर समान दुरी र आकारमा सोझिएका यी दुइ देवल र गरल नामका समान भु-स्वरूपका डाँडाहरूको प्रतिकात्मक नाम जुमल्याहावाट जुम्ला रहन गएको भन्नुमा दुई मत छैन । साथै जवा र तिला दुइ नदी पनि यसै गा.वि.स.को दानसाँघुमा आएर मिसिएका र ति दुवै नदीहरू पनि जुमल्याहा जस्तै भएकाले यसलाई पनि जुम्ला शब्द उत्पतीको प्रशंङ्गमा उल्लेख गर्न सकिन्छ ।

### ४.१.२ इतिहास, वर्तमान र भविश्य

ऐतिहासिक सिँजा साम्राज्यका (जुन जुम्ला) जिल्लामा पर्दछ । संस्थापक नागराजले स्थापना गरेको विशाल कर्णाली प्रदेशको यो राज्य पूर्वमा वेत्रावती नदी सपादलक्ष (१लाख २५हजार गाँऊ) पश्चिममा काँकडा उत्तरमा तिब्बतको गुँगे प्रदेश, मानसरोवर र कैलाशकुट भवन र दक्षिणमा गंगा नदिको विशाल भ-ुभाग ओगटेको थियो । नागराजका मल्ल वंशका सवै भन्दा कमजोर राजा रत्न मल्लका पालामा कल्याल वंशका वलिराज शाहीले उक्त सिँजाको राजधानीलाई सुनार गाँउ (हाल जुम्ला जिल्लाको तातोपानी गा.वि.स.मा पर्दछ) । मा सारे । पछि उनै शाहीले छिनासिम हालको सदरमुकाममा सारेका थिए ।

नेपालको एकिकरणको क्रममा गोर्खालीहरूले सन् १८४६ मा विजय गरे पछि पनि १८ दरा र २२ पाखा जुम्ला भनि चिनिदै आएको थियो । राजा सुरेन्द्रको पाला सन् १९१०

मा नेपालमा कायम भएका १० वटा जिल्ला भित्र पनि गरिमामय इतिहास वोकेको प्रभावशाली जिल्लाको रूपमा उभिएको थियो ।

त्यस पछि पनि विभिन्न गौडा, गोश्वरा भनि प्रशासनिक अड्डा रहदै आएको जुम्ला २०१८ साल वैशाख १ गते नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गर्दा कर्णाली अञ्चलको सदरमुकाम का रूपमा स्थापित छ । हाल नेपाल संघीय गणतन्त्रमा प्रवेश गरिरहेको सन्दर्भमा आगामी दिनमा पनि कर्णाली प्रदेशको प्रादेशिक राजधानीका रूपमा जुम्ला रहने कुरा लगभग निश्चित नै छ ।

### ४.१.३ बड्की गाविसको जातीगत विवरण

विविध जातजातिहरूको वसोवास रहेको यो गा.वि.स. कर्णाली अञ्चलकै प्रतिनिधि गा.वि.स. भन्दा फरक नपर्ला । यस गा.वि.स.मा रहेको जातिगत् विवरणलाई निम्नानुसार देखाउन सकिन्छ ।

**तालिका नं ८**

**बडकी गाउँको जनसंख्या विवरण**

| **वडा** | **दलित** | | | **ब्राहमण/क्षेत्री** | | | **अन्य जातजाती** | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **म** | **पु** | **जम्मा** | **म** | **पु** | **जम्मा** | **म** | **पु** | **जम्मा** | |
| बड्की | ९२ | ८४ | १७६ | ३३५ | ३१९ | ६५४ | | | | ८३० |
| देपारगाँउ | ११३ | १०५ | २१८ | २४१ | २४५ | ४८६ | | | | ७०४ |
| मोफ्ला | ८९ | ६२ | १५१ | २६२ | २६४ | ५३६ | ६ | ९ | १५ | ७०२ |
| चेमा | १२५ | १३४ | २५९ | १९१ | २११ | ४०२ | | | | ६६१ |
| जोगीवाडा | | | | २३३ | २१५ | ४४८ | | | | ४४८ |
| ओदी -क) | | | | १७६ | २६७ | ५४३ | | | | ५४३ |
| ओदी (ख) | | | | १४२ | १३२ | २७४ | | | | २७४ |
| कोइरेली | | | | १३७ | १२३ | २६० | | | | २६० |
| आचार्यलिंही | | | | २३३ | २२१ | ४५४ | | | | ४५४ |
| | ४१९ | ३८५ | ८०४ | २०६० | १९९७ | ४०५७ | | | | ४८७६ |

स्रोत : गा.वि.स. पुस्तीका २०६८

### ४.१.४ जुम्ला जिल्लामा महिला सम्बन्धि केही रोचक प्रसंगहरू

**तालिका नं. ९**

| छोरा जन्मे पछि | छोरी जन्मे पछि |
|---|---|
| बाजा बजाइन्छ । | बाजा बजाईदैन । |
| बन्दुक पड्काइन्छ । | बन्दुक पड्काईदैन । |
| मागल (मंगलगान) भनिन्छ । | मागल भनिदैन । |
| बा.आमा र बाजे बज्यूलाई अविर र दुवो लगाइन्छ। | मागल भनिदैन । |
| दुदारी राखिन्छ । | दुदारी राखिंदैन । |
| तेल घिउ र माछा मासुको बन्दो बस्त गरिन्छ । | सामान्य रूपमा खाना खुवाइन्छ । |
| जोतिष हेराइन्छ । | जोतिष हेराईदैन । |
| चिना (कुण्डली) बनाइन्छ । | बनाईदैन । |
| छैटी वा षष्टी कर्म गरिन्छ । | गरिदैन । |
| खेलाउने काम गच्छे अनुसार ३ दिन ५ दिन वा ७ दिन सम्म रातभरी देउडा , चुट्किला खेलिन्छ । | कुनै रमाइलो गरिदैन । |
| नौ दिनको न्वारन गरिन्छ । | न्वारन गरिदैन । |
| ब्रह्मणबाट शुद्ध पार्ने काम १०औं १५ औं र दिनमा गहुँत (गौमुत्र) दिने काम गरिन्छ । | २० औं कन्याकेटीबाट गहुँत दिए पुग्छ । |
| इष्ट मित्रबाट भोटो काँठो (उपहार) ल्याउने गरिन्छ | उपहार ल्याईदैन । |
| ठूलो सानो भोज भतेर गरिन्छ । | कुनै भोज गरिदैन । |
| बधाईको उइरो लाग्छ । | राम्रो भयो पनि भन्नु हुँदैन । बरू दुःख व्यक्त गरिन्छ । फेरी छोरा हुने कामना गरी मन थाम्ने काम हुन्छ । |

माथिका सबै प्रकारका प्रचलनहरु सदियौ देखि प्रचलनमा रहेका र सहभागी मूलक अवलोकनबाट थाहा भएको हो ।

### ४.२ जन्मि सकेपछि छोरा र छोरी वीच भेदभाव

**तालिका नं. १०**

| सि नं | छोरा | छोरी |
|---|---|---|
| १ | विद्यालयमा अनिवार्य पठाइन्छ । | ऐच्छिक रूपमा विद्यालय पठाईन्छ । |
| २ | मिठो मसिनो खाने कुरामा प्राथमिकता दिइन्छ । | बचेको खण्डमा मिठो खाने कुरा दिइन्छ । |
| ३ | सके सम्म काममा कम लगाइन्छ | काम गर्न अनिवार्य नै हुन्छ । |
| ४ | साना भाई बहिनीहरूको धरालो कतै कतै लगाइएको पाइन्छ । | आफ्ना भाई बहिनीहरूको धरालो लाग्ने काम अनिवार्य नै हुन्छ । |
| ५ | पास्नी गरिन्छ । | पास्नी गरिदैन । |
| ६ | पहिलो पल्ट पिठ्युँमा बोक्दा उत्सव मनाइन्छ । | कहिले कसले पिठ्युँमा बोक्यो थाह हुँदैन |
| ७ | छुरी कर्म गरिन्छ । | कपाल काटिदैन । |

*स्रोत : असहभागि अवलोन २०६८*

माथि उल्लेखीत तालिका ९ र १० बाट हामी यस कुरालाई सजिलै भन्न सक्छौ कि जुम्लाका महिला पनि अन्य नेपाली हिन्दु धर्मालम्बी महिलाहरु झै भएकाले उनिहरुले पनि पृत्तिसत्ताको सिकार हुनु परेको छ भने अर्को तर्फ “तुल्सीदासले भनेझै ढोल, शत्रु, नारी ताडके अधिकार” दमित थकीत र पुरुष सत्ताबाट हुने थिचो मिचोको सिकार हुनुपरेको छ । जस्तै छोरा जन्मने वित्तिकै बाजा गाजा बजाइनु ले पुत्र (छोरा प्रतिको सामाजिक महत्व लाई स्वीकार गर्दछ भने सुत्केरी अवस्थामा शरिरलाई चाहिने अत्याआवश्यक प्रोटिन जस्ता चिजहरु पनि छोरी हुदा उपलब्ध नगराईनु ले सांस्कृतिक रुपमै विभेदलाई संस्थागत गर्दछ ।)

अर्का तर्फ, छोरालाई स्कुल पठाउने अनिवार्य हुनु तर छोरीलाई नहुन, मिठो मसीनो खानामा छोरालाई प्राथमिकता हुनु छोरीलाई नहुन, छोराको पास्नी गरीनु र छोरीको नगरीनुले समेत जुम्ली समाजमा पुरुषलाई दिइने महत्व र छोरीलाई गरीने विभेदलाई प्रष्ट पारेको छ । मर्दकी दश ओटी, खुट्टा भए जुत्ता जतिपनि, स्वास्नीको रुद्र घण्टी हुदैन त्यसैले यिनलाई मनको कुरो नखोल्नु जस्ता प्रचलित उखान समेत महिलाको स्थान कहाँ छ भन्ने कुराले सजिलै पहिल्याउन सकिन्छ ।

## ४.३ विवाह सम्बन्धी विभेद

महिला विभेदको सन्दर्भमा महिला जन्मे देखि मरुन्जेल सम्म विभिन्न तहमा धर्म, संस्कृति तथा पृत्तिसत्ताले विभिन्न स्वरुपमा विभेद सृर्जना गरेको देखिन्छ र सहभागी मूलक अवलोकनबाट थाहा पाएका तत्वहरु निम्न प्रकारका छन :

१. छोरा छोरी जन्मनु भन्दा पुर्व नै विहे गर्ने बाचा गर्ने चलन छ "मेरी छोरी भए तेरो छोरालाई, तेरी छोरी भए मेरो छोरालाई"

२. दुलहा दुलहीले नदेखेपनि विवाह गर्न मन्जुरी हुन्छ । जसलाई माग्ने भनिन्छ ।

३. आफ्ना कुटुम्वहरूको. हितका लागि आफ्नी छोरीको भविष्य हेरिदैन ।

४. बाल विवाह, बहु विवा आदि सहजै स्वीकारिन्छ ।

५. छोराका विवाहका लागि धेरै तयारी गर्नु पर्छ तर छोरीका विवाहका लागि सामान्य तयारी भए पुग्छ ।

६. कतिपय ठाउँमा जवरजस्ती केटीहरू रक्छेर (तानेर) पनि विवाह गरिन्छ ।

७. केटीको चित्त बुभ्नु भन्दा कुटुम्भको चित्त बुझ्रायो भने त्यहाँ छोरीले मान्नु पर्छ ।

८. छोरीले मन नपराएमा अर्को लोग्ने खोजेर रोजेर नयाँ विवाह गर्न सक्नेछ । यस्तो प्रक्रियालाई उरालु पोइल जाने भनिन्छ ।

९. विवाह गरेको घरमा घर जम गरी वस्ने मन नभएकी महिलालाई मन उल्लेकी भनिन्छ ।

१०. एउटा लोग्ने छोडेर अर्को लोग्ने रोजेर गए पछि पहिलोको लोग्नेलाई जारी तिर्नु पर्छ

११. अहिले सम्म सवै भन्दा बढी जारी १,२०,०००।- सम्म तिरिएको छ ।

१२. २०५२ फाल्गुण १ गते जारि माओवादी जनयुद्धले जारी प्रथा लाई न्यून गरेको बताइन्छ ।

१३. एउटा लोग्नेले दुई तिन ओटी सम्म श्रीमति विवाह गरिरहेका हुन्छन ।

१४. सहभागी अवलोकनबाट ठालुहरू, धनिमानी, सामन्तहरूले ४,५ वटी सम्म श्रीमति विवाह गरेको भेटिन्छन् ।

१५. धेरै श्रीमति विवाह गर्ने लाई मर्दको उपमा दिइन्छ ।

१६. बहु विवाह गरेको कारण हाल सम्म एक जना पनि व्यक्ति लाई जेल सजाय भएको छैन ।

१७. जति वटी छोरी भए पनि एउटा छोरा नजन्मीए अर्को विवाह गर्ने गरिन्छ ।

१८. आफ्नी श्रीमति 'जोई' लिने मानिसका सन्तान हरूले छोएको पानी खानु हुँदैन भन्ने चलन छ । छोरा नजन्माउने वा आमाले छोरी घरमा राखेर जुवाई खोज्ने चलन छ । यस प्रक्रियालाई छोरी (घर ज्वाँई) घर हाल्ने चलन भनिन्छ ।

१९. छोरी घर हाल्ने पनि स्थानिय समुदायले ति छोरी र जुवाई अनि तिनबाट जन्मेको सन्तानलाई भतुवा भनि हेप्छन् ।

२०. बाबु आमाले इच्छाएको जुवाई ल्याई घरमा राखे पनि साखा सन्तान र गाउँले हरूलाई खुशी पार्न भोज दिनु पर्छ ।

**४.४ अध्ययन क्षेत्रका महिलाहरूको विशेष पहिरन ।**

| **परम्परागत पहिरन** | **आधुनिक पहिरन** |
|---|---|
| कालो काम्लो | उनि सल |
| कटराईको चोलो | चौवन्दी चोलो |
| ठेटुवाको गुन्यु | सारी, धोती |
| सुकी ह्लाम | जुत्ता मोजा |
| नैनासुटको पटुका | आधुनिक पटुका |

**गर गहना :-**

| **परम्परागत** | **आधुनिक** |
|---|---|
| एक गेडे मुगा | मोती माला |
| दोलडी मुगा | मसिनो पोते |
| चरियो(चाँदीले बेरेको तुथो) | मंगलसुत्र |
| कप्पन्या | मारवाडी |
| विज | तिलहरी |
| सिरफुल | शिरवन्दी |
| ढुङग्री | औठी |
| पैरा | घडी |
| बाला | टुकी |
| कल्ली | पोते मसिनो |
| छाप | |

पोते गल्थो

फुली

बुलाकी

नथनी

विशेष गरी कर्णाली राजमार्गले जुम्ला र सुर्खेत नेपालगञ्ज सम्मको सहज पहुँच जसका माध्यकबाट, सहज आवगमनले गर्दा र विभिन्न खाले संञ्चार विशेष गरी टेलीभिजन तथा विभिन्न खाले आन्दोलले गर्दा महिलाको चेतनाको स्तरसँगै पहिरनमा समेत देखासेकीको प्रभाव परेको देखिन्छ ।

अर्कातर्फ परम्रागत पहिरनहरु लगाउनलाई समेत झन्झटिलो, मुल्यमा महङ्गो भएका कारणले र आधुनिक पहिरन लगाउन सजिलो सस्तो भएकाले आधुनिक पहिरन प्रति महिलाको आकर्षण बढ्न गएको हो ।

## ४.५ अध्ययन क्षेत्रका महिलाहरूले मनाउने चाडपर्व

प्रतिकुलताहरू विर्सन र अनुकुलताहरू सृजना गर्नु मानिसले चाड पर्वहरू सृजना गरेको हुनु पर्छ । चाड पर्व हरू पनि प्रकृतिका नियमहरूबाट निर्देशित हुन्छन । आगोले ताप र प्रकाश दिने हुनाले अग्नि देवता भनि पुजा गरिन्छ भने विभिन्न प्रयोगमा आउने भएकोले पानीलाई जल देवता भनिएको हो । यस्तै कतिपय ठाउँमा वन पात र वृक्षहरूलाई पनि पुजा गरिन्छ। चाड पर्वहरू विभिन्न अवसर र उमेर सँग सम्बन्धीत हुन्छन् । भोज भतेर युवाहरू सँग र पुजा आजा बुढा बुढी सँग बढी सम्वन्धीत हुन्छ। त्यस्तै नाच्ने गाउने र गहना लगाउने खालका चाड पर्वहरू महिला सँग बढी सम्बन्धीत हुन्छ । अध्ययन क्षेत्रमा महिलाहरू सँग सम्बन्धीत निम्न चाड पर्वहरू रहेका छन र तिनीहरूको विशेषता यस प्रकार रहेको छ ।

### ४.५.१ तागा

यो चाड महिलाहरूको निजी चाड हो । यो विवाहिता महिलाले आफ्नो घरमा गएर मनाउने चाड हो । हरेक वर्ष बैशाख १ गतेका दिन माइतीमा भएका महिलाहरू पनि घर आउनु पर्छ । नुहाई धुवाई सरसफाई भएपछि घरमा मिठो मिठो भोजनहरूको परिकार बनाइन्छ। काचो धागो बाटेर रातो पहेलो रंग अलग अलग मिसाएर सात सात गाँठो पारेको

आर्कषक तागा हरू बनाएर चोलीको तुनामा बाधिन्छ । सफा राम्रो र नयाँ कपडाहरू लाएका महिलाहरू यस दिन आफ्नो श्रीमान को दिर्घायुको कामना गर्दछन । यस दिनलाई महिलाले खाने र पुरूषले हेर्ने दिनको रूपमा लिइन्छ । तर आफ्नो प्रिय लोग्नेहरूलाई नदिएर आफु मात्रै खान महिला हरू सक्दारहेनछन् भन्ने कुरा अध्ययन क्षेत्रका महिलाहरूले वताए ।

बैशाख १ गते तागा झुण्डायर कार्तिक ६ गते तागा सेलाईन्छ । वर्षको २ चोटी पर्ने तागामा महिलाहरू काम नगरी आराम गर्छन । यो चाड यहाँको मौलिक चाड हो ।

### ४.५.२ बैशाख पुर्णिमा

हिन्दूहरूका चार ठूला पुर्णिमा मध्येका (बैशाख पुर्णिमा, साउन पुर्णिमा, कार्तिक पुर्णिमा, माघ पुर्णिमा) मध्येको एक बैशाख पुर्णिमा हो । यस दिन महिलाहरू देवी देवताको थानमा गएर रातभर जागराम वस्ने (खड्राती) गर्छन । कतिपय महिलाहरूले त भवानी मष्टा र देउतीका थानमा गएर ढुङ्गाको सिरानी काँढाको ओछ्यान माथी आफ्नो घाँटीमा दाम्लो लगाएर मन्दिरमा वस्छन । यसको अर्थ ति महिलाहरू आफै वा तिनका श्रीमान र छोराहरूले गरेको गल्तीबाट पश्चाताप गर्दै पशुले झै दण्डीत हुन र आफुलाई माफ गरी दिन देउतालाई आग्रह गर्दछन । यसो गर्नाले ति देवी देवताहरू खुशी भई आफ्नो मनकामना पुरा गर्छन भन्ने जनविश्वास छ । हुन त शान्तिका अग्रदुत गौतम बुद्ध को जन्म दिन ज्ञान प्राप्ती र महानिर्वाण को दिन कुनै खालको हिंसा नगर्नु पर्ने यस दिनमा यहाँका मन्दिरमा पशु बली दिइने हुनाले यसलाई फरक परिवेशको रूपमा लिइन्छ । तथापी महिलाहरू कुनै हिंसाका लागि नभएर ईश्वरलाई खुशी पार्न त्यसो गरेको बताउँछन ।

### ४.५.३ आषाढे पोको

विवाह गरेर पोइली घर गएका चेलीहरू जेष्ठ र आषाढ महिनामा खेतमा रोप्ने र गोड्ने काममा थाकेका हुन्छन । खेत गोड्दै माइतीको सम्झनामा विभिन्न गित चुट्कीला गाउँदै गरेको बेला माइतीबाट रोटी, अचार, पुरी , सेल, खिर, हलुवा आदि परिकारहरू लिएर दाई भाई बुवा वा भतिजा मध्ये कोही खेतमा नै पुगेर दिने प्रचलन लाई आषाढे पोको भनिन्छ । यो पोका नपुऱ्याउने माइती आलोचित हुन्छन र चेलीहरूको अपमान हुन्छ ।

### ४.५.४ साउने संक्रान्ति

यो चाड पनि यस क्षेत्रको अति लोक प्रिय चाड हो । रामले रावणलाई मार्दा जसरी बाणको वर्षा भयो त्यसरी नै आगोका मुश्लाहरू दुश्मन तिर फालेर आफु सुरक्षित छु भनि ढुक्क हुने यस चाडमा महिलाहरू आ-आफ्ना माइत जान्छन । श्रावण १ गते दिउँसो देखि घर आगन लिपपोत र सरसफाई हुन्छ । जेष्ठ र आषाढमा कडा काम गरेका यि महिलाहरू विश्रामको प्रतिकका रूपमा यस चाडलाई लिइन्छन् । दही, भात, दाल तरकारी पकाएर खाइन्छ । दिउँसो खशी काट्ने माछा मार्ने र गाउँ भरिको रिती थिती का बारेमा पुरूषहरूले छलफल गर्छन । महिलाहरू माइत जान पाएकोमा खुशी हुन्छन । जब साँझ पर्छ हरेकले आ-आफ्ना घरका थाडा (छत) मा गएर दियालो सल्काई अलग अलग मशाल बालेर आफ्ना पुर्खा देखिका विपक्षी गाउँलेलाई चर्को स्वरले गाली गर्छन । त्यो गाली यस प्रकारको हुन्छ ।

फाटो फेरे लैजा<br>
नौलो फेरे दिजा<br>
मोहीको ठेकी लैजा<br>
दहीको ठेकी दिजा<br>
अनिकाल लैजा<br>
सुविकाल दिजा<br>
बुढो बल्ल (गोरू) लैजा<br>
बालो बल्ल(गोरू) दिजा<br>
नाटो गाई लैजा<br>
दुहने गाई दिजा आदि ।

यसका अतिरिक्त नानाथरीका गाली गलौज गर्दै केटा केटी र लोग्ने मान्छे हरू छतमा रमाई रहेको बेला महिलाहरू घर घरमा सेल (बाबर), रोटी टाटे (पुरी), वावर, चिनी रोटी आदि पकाइरहेका हुन्छन । गाली गर्दै थाकेर आएका लोग्ने मान्छेहरू र केटा केटी सँग बसेर खाने कुरा खान महिलाहरू रमाउछन ।

भोली पल्ट हिजो बनाएको मिठो परिकार आ-आफ्ना ईस्टमित्र र माइत आउन नपाएकी छोरी बहिनी हरू कहाँ पुऱ्याइन्छ । माइत बाट घर फर्कने महिलाहरू पनि यि मिष्ठान्न हरू लिएरै फर्किन्छन

### ४.५.५ श्रावण पुर्णिमा

श्रावण पुर्णिमा को एकादशी देखि शुरू हुने यो अवसर यहाँका महिलाहरूको लागि निकै ठूलो मानिन्छ । यसवेला देवी देवताको पुजा आराधाना गर्ने, मन्दिरका भारा नुहाउने (मुर्ति सफा गर्ने) तिर्थ जाने र पैठ गर्ने (जात्रा लगाउने) गरिन्छ । यसबेला राम्रा लुगा र मिठो खानाका साथ सजधज भएका महिलाहरू हँसिला र रसिला देखिन्छन । यतिवेला टाढा टाढा बाट पैठ हेर्न माइतीमा आएका महिलाहरू आ-आफ्ना माइती देवताहरू सँग आफ्नो र आफ्ना परिवारका सदस्यहरूको उत्तोरत्तर प्रगतिको लागि प्रार्थना गर्दछन । देउता हरूको तर्फबाट धामीहरूले ति कन्याहरूलाई हात छेला र काखी चेला दिने बचन दिन्छन । त्यसको बदलामा यि कन्याले देवताको स्थानमा फुलपाती, अक्षता र भेटी ल्याएर पटक पटक आइराख्ने नर्विसने भाकल गर्दछन् ।

श्रावण पुर्णिमा माइत गएकी छोरी हरू आफ्नी सहपाठी साथीहरू सित देउडा खेल खेल्छन् स्वतन्त्र भई रमाइलो गर्छन तर तिनका पछि पछि लागेर आइहाल्ने श्रीमानहरूले भने त्यो स्वतन्त्रतालाई कुल्चिदिएका हुन्छन् । यस्तैमा पराई केटाहरू सँग खेल्न गएको (गित गाएको) भनि कति केटीहरू तिनका श्रीमानबाट पिटिएका हुन्छन् । अध्ययन क्षेत्रमा श्रावण पुर्णिमा पछि जात्रा लाग्दछ । यस जात्राले महिलाहरूलाई निकै मनोरञ्जन दिन्छ । आफ्ना प्रेमी वा चिनजानका केटाहरूलाई नास्ता रोटीहरू दिएर केटीहरूले कर्तव्य पुरा गर्दछन भने बदलामा केटाहरूले बिस्कुट चाउचाउ, चुरोट लगायतका वस्तु किनेर रूमालमा पोको पारी दिन्छन् । यो जात्रा चराहरूको लागि वसन्त ऋतु झै केटीहरूका लागि आनन्द र स्वतन्त्रताको अवसर हुन्छ । यतिवेला धेरै केटीहरू प्रेम वा विवाह वन्धनमा वाँदिन्छन् । सिँजा क्षेत्रको श्रावण पूर्णि, नाग्मा क्षेत्रको हलाढुङ्गा मालिका र पाँनसय र वजार क्षेत्रको कृष्ण अष्टमी जात्राले यस क्षेत्रमा ठूलै महत्व राख्छ ।

यो वेला राम्रो लुगा लगाउने महंगा कपडाहरू लगाउने गरिन्छ । चोरी लुटपाट नहुने भएपनि यसवेला गहना हराउने घट्ना भइरहन्छन् ।

### ४.५.६ तीज

यहाँ तिजको महिमा विस्तारै बढेर आएको छ । पहिले त यहाँका महिलाहरू हरितालिका व्रत वसेर यो चाड मनाउथे, आफ्नै परम्परामा आधारित भएर देउडा खेलेर चुट्किला भनेर नदी किनारमा रमाउँथे तर अबका दिनहरूमा तीजका गितले बजार पाएको

छ । सूचना र प्रविधिको विकास सँगै तिजको रौनकतामा वृद्धि भएको छ । जुम्ला बजारमा विभिन्न जिल्लाका कर्मचारी महिला र कर्मचारीका परिवार महिलाहरू का साथै बजारिया महिलाहरूले आजकल निकै तामझामका साथ तिज मनाउँछन् ।

तिजको दर खाने भनेर त्यसदिन यस बजारमा झण्डै ५० भन्दा बढी खशी काटिन्छन् । कामदार महिलाहरू पनि आफ्नै पाखुरीले ज्याला मजदुरी गरी कमाएको पैसा दर खाने भनि खर्च गरिरहेका हुन्छन् । तर दुःखको कुरा महिलाहरूको दरको निहुँ पारेर पुरूषहरू पोषिने काम भइरहेको हुन्छ । आजकल महिला विकास कार्यालय र अन्य नारी वादी संघ संस्थाहरू ले तिज मनाउने विशेष खालका कार्यक्रम हरू आयोजना गरेका हुन्छन् । पहिले पहिले पुरूषहरूको पनि संलग्नतामा मनाइने यि कार्यक्रम अवका दिनमा महिलाहरू आफैले सम्पुर्ण रूपमा आयोजना तथा समापन गरेका हुन्छन् । यस दिन अध्ययन क्षेत्रका महिलाहरू ले आ-आफ्ना पीर मर्का र बेदनाका गीतहरू गाउँछन् । हालको राजनितिक सरगर्मी लाई मध्ये नजर गरी विभिन्न व्यङ्ग्यात्मक गीतहरू पनि गाइन्छन् ।

### ४.५.७ दशैं

दशैं नेपालको राष्ट्रिय चाड भएकोले देशै भरि यो चाड एउटै प्रकारले मनाइन्छ । अध्ययन क्षेत्रमा फरक के मात्र छ भने टिका लगाउन सानोले ठुलो नातेदार कहाँ जाने प्रचलन भर्खर विकास भएको छ । यहाँको मौलिक प्रचलन टिका थाप्न भन्दा पनि पिठाहा लगाउन जाने भन्ने हो । पिठाहामा चार ठाकुर लाई सम्मान व्यक्त गर्ने गरिन्छ । ति ठाकुरहरू यस प्रकार छन्

**(१) ससुराली ठाकुर**

ससुराली तिरका सवै नातेदारहरू जस्तै सासु ससुरा साला साली भतिजा भतिजी आदि पर्दछन् । पिठाहा लगाउन ससुराली घरमा गए पनि टिका लगाउँदा मर्यादा क्रम अनुसार नै हुन्छ ।

**(२) मावली ठाकुर**

यसमा मावलीमा नै जानु पर्ने हुन्छ । तर मावलीमा जो कोही भएपनि मर्यादा अनुसार नै टिका लगाइन्छ ।

(३) **माटे ठाकुर**

जिविको पार्जन, वास स्थान, र अन्य प्रयोजनको लागि मूल्य लिएर वा नलिएर भएपनि जग्गा दिने व्यक्तिलाई पनि ठाकुर मानी पिठाहा लगाइन्छ । यस क्रममा पुर्व निर्धारित नाता अनुसार ढोग भेट गर्ने चलन छ । यसरी सानो वा ठूलो जे भए पनि महिलाहरू का माइती हरूलाई ठूलो सम्मान गरिन्छ त्यो भनेको महिलाहरूको महत्व लाई अझै बढाएको ठहरिन्छ । विहे नगरेकी तर माग्ने कार्य भइसकेका केटीहरूको घरमा केटा पक्षका मानिसहरू गएर पिठाहा लगाउने चलन छ ।

अध्ययन क्षेत्रमा केहि बर्ष अघिमात्र फुलपातीमा जुम्ला स्थित विमान स्थलमा फुलपाती ल्याउने र हर्ष बढाई गर्ने गरिन्थ्यो । त्यस दिन यस जिल्लाभरिका घोडाहरू आ-आफ्ना घरधनीले ल्याएर घोडा दौड प्रतियोगिता गरिन्थ्यो । जुम्ला विमान स्थल पक्की भएपछि घोडाहरू दौडन नसक्ने भएपछि टुढीखेलमा फुलपाती उत्सव गर्ने गरियो । हाल आएर उक्त ठाउ पनि साघुरो महशुस गरिएकाले नेपाली सेनाले जिल्ला प्रशासन कार्यालयमा गएर बढाई गर्ने गरिन्छ ।

### ४.५.८ सोह्र श्राद्ध

आफ्ना पित्रीहरूको सम्झनामा गरिने सोह्र श्राद्धमा छोरी बहिनीहरूलाई खाना खान बोलाइन्छ । विभिन्न परिकारका अतिरिक्त दही, विशेष खाद्य वस्तुको रूपमा रहने यस बेला छोरी बहिनी नआए नियास्रो मानिन्छ । आएकी छोरी बहिनीलाई दक्षिणा दिएर पठाइन्छ । आफ्ना पित्रीहरूको सम्झनामा ति महिलाहरूले आँशु बगाएका दृष्टान्तहरू पनि अध्ययन क्षेत्रमा देखिन्छन् । तसर्थ सोह्र श्राद्ध पनि महिलाहरूको उपस्थिती अपरिहार्य हुन्छ ।

### ४.५.९ तिहार

तिहारलाई यहाँको परम्परागत प्रचलनमा जमधुति भनिन्छ । यस दिन छोरी बहिनीहरू आफ्ना घरबाट थरि थरीका भोजनहरू ल्याएर माइतीहरूलाई ख्वाउने पुरानो चलन हो । तर हाल यसका विरूद्ध पुर्वेली चलनलाई आत्मसाथ गरिन्छ । जस अनुसार दाजुभाई हरू दिदी बहिनीको घरमा बोलाएर टीका लगाइन्छ । दक्षिणाको संस्कृति र मादक पदार्थ को विकृतिले ठाउँ लिइरहेकोले यो प्रचलनले सकारात्मक दिशातिर समाजलाई अगाडी बढाउँदैन भन्ने गुनासो सर्वत्र छ ।

### ४.५.१० भैली

जुम्ला जिल्लामा सानी भैलो र ठुली भैलो गरेर जम्मा दुई किसिमका भैलीहरू छन । सिंजा तिर सानो भैली खेलिन्छ यो मंसिर पुर्णिमा देखि सुरू भएर १५ दिन चल्दछ ।

औंसीका दिन सम्म यो टुङ्गिन्छ भने अध्ययन क्षेत्र तिर पौष पुर्णिमा देखि सुरू भएर औसी सम्म चलि रहने ठूली भैलो हो । यसरी यि भैलीहरूमा केटाहरूको टिम अलग केटीहरूको टिम अलग अलग भएर भैली खेलिन्छ । भैलोमा पैसा, चामल, दाल, तरकारीहरू जम्मा पारिन्छ र अन्तयमा वा औसीका दिन भैलो बाट जम्मा भएको चामलको भात पकाइन्छ दाल, तरकारीका साथै रूपैयाबाट खसी किनेर काटिन्छ र मिठो परिकार बनाएर खाइन्छ । यस दिन गाउँ भरीका मानिसहरू मध्ये हरेकको घरका केटा केटी सामेल भएका हुन्छन् । भैलो भात खाई सकेपछि रमाइलो गरिन्छ ।

### ४.५.११ पुष पन्नुवा

अंग्रेजी पात्रोले २० डिसेम्वर लाई संसारको सवै भन्दा छोटो दिन मान्दछ । तर यस अध्ययन क्षेत्रमा पुषको १५ गतेलाई छोटो दिन लामो रात भनिन्छ । त्यसैले यस दिनलाई रात भरि बसेर हाँसेर कथा सुनेर सुनाएर मनाउनु पर्छ भने महिलाहरू कुनै छिमेकीका घरमा जम्मा भई कुनै कथा वाचिका लाई बोलायर कथा सुन्छन । त्यसका लागि जम घरमा जम्मा हुन्छन् । त्यस घरकाले विभिन्न परिकार नास्ताहरू सगुन बनाउँछन् । हुन त कथा सुन्ने जो कोहीले पनि सगुन ल्याएर आएकै हुन्छन् । यस दिनको कथामा राक्षस देवता फर्सी फलफुल, पशु, टुहुरा, अन्धा अन्धी र सर्प विच्छी वा राजा महाराजा र लडाई विजय पराजय राज्य प्राप्ती र तपस्या विरता कायरता वा देश परदेश सम्वन्धी हुन्छन् । केटा केटीहरू पनि उक्त रात औधी खुशी हुन्छन् । कसै कसैले त यो रात सिंङ्गै बिताउँछन् भने कोही विना ओच्छ्यान कथा सुन्दा सुन्दै त्यही निदाउँछन् ।

त्यस दिन पृथ्वीमा सुख्खा हुने र स्वर्गमा बाढी आउने उक्त बाडीले इन्द्रको आसन समेत डुवाउने भएकाले इन्द्रको वा भगवानको रक्षाका लागि पनि रातभरी सुत्नु हुन्न भनिन्छ । त्यही भएर एउटा उखान यहाँ लोक प्रिय छ ।

"पुष पन्नुवा बसी ब्याउनु,
आषाढ पन्नुवा सिब्याउनु"

(यसको अर्थ पौष १५ को राती नसुतिकन जागराम बसि रात काट्नु र अषाढा १५ गते पुरै रात सुतेर)

### ४.५.१२ माघी संक्रान्ति

माघी संक्रान्ति चाड यहाँका महिलाहरूका लागि अति महत्वको चाड हो । पुष जाने र माघ लाग्ने राती गाउको कुनै सार्वजनिक ठाउँहरूमा मुडा बालेर रातभर बसिन्छ । यता तिर आगो ताप्दै उता रातभरी ७ चोटी सम्म नुहाउने गरिन्छ । अत्यन्तै जाडो हुने यस रात जति धेरै चोटी नुहायो त्यति नै पाप पखालीने भन्ने विश्वास छ । त्यसलाई पुष पखाल्ने भनिन्छ । त्यसका लागि १०, १५ दिन पहिले देखि केटा मुढा काट्ने र केटीहरूले सिंउता खेल्ने (जम्मा गर्ने) गर्छन । यस राती सम्भवतः वर्ष भरीको ठूलो आगो बालिन्छ । यस दिन घर घरमा महिला हरू पुरी, ताले, बाबर, सेल, हलुवा, खुदिया, आदि पाकाउँछन् । भोली पल्ट सम्म पनि उक्त परिकार खाने गरिन्छ । यसैलाई भनिन्छ “पुष हालेका टाटे.माघ खाने” रातभरी मागंल, चुट्कीला, देउडा गित गायर रमाईलो गरेर विताइन्छ ।

भोली पल्ट बिहान हरेक दाजु भाई हरू वा काका हरूले आ-आफ्नो छोरी बहिनीहरू लाई फुपुलाई घरमा खुट्टा पखालेर त्यही खुट्टा को पानी चाख्ने गर्छन । यसैलाई गोडा धुने पनि भनिन्छ । खुट्टा पखाल्दै पानी चाख्दै गर्दा त्यस दिन सवै महिलाहरूको ठुलो सम्मान हुन्छ । त्यही भएर अधिकांश महिलाहरू त्यस बेला माइतीमा जान्छन् । गोडा धुने तिनका हजुर बुवा वा दाई भाई र भतिजा हरूले आ-आफ्नो गच्छे अनुसार को दान दक्षिणा पनि दिन्छन् । यसो गरे धर्म हुन्छ भन्ने बलियो विश्वास रहेको छ । यो चाड महिला केन्द्रित चाड भएको छ ।

### ४.५.१३ पछेल्ली माघे संक्रान्ति

यो चाड पनि माघे संक्रान्ति जस्तै मनाइन्छ । तर धर्मी महिना माघ जाने भएकाले यसको महत्व कम छ । तापनि यस दिन पनि महिलाहरू माइत जाने छोरी बहिनी को गोडा धुने प्रचलन रहेकाले यस चाडमा पनि महिलाहरू बढी सम्मानित र खुशी हुन्छन् ।

### ४.५.१४ श्री पञ्चमी

हुन त श्री पञ्चमीलाई पुरूषको चाड को रूपमा लिइन्छ । तर अध्ययन क्षेत्रमा यस दिन खिचडी पकाएर खाने गरिन्छ । खिचडीलाई खिच्चो पनि भनिन्छ । दाल, चामलको यस खिच्चो परिकारमा ओखरको पिना राखेर पनि खाइन्छ । कसै कसैले त यस दिन पिना खिर पकाएर पनि खान्छन् । यो परिकार निर्माण गर्ने काम महिलाहरूको हुन्छ । मिठो बनाएर सवैले खुशी भई प्रशंशा गर्छन ।

यस दिन केटा केटीका नाक कान छेड्ने भएकाले यस क्षेत्रमा केटाका भन्दा केटीहरूका नाक कान बढी छेडिन्छन् । नाक मा बुलाकी र फुली लगाउने भनि २ ठाउँमा कानमा पनि २, ३ ठाउँमा छेडन्छ । कति महिलाहरूले त यस दिन आफ्ना शरिरका विभिन्न ठाउँमा छेडने पनि गर्दछन् । नयाँ वर्षको लागि खेतीको सुभारम्भ मानिने यस दिन देखि हलो वा जोताईको सुरूवात भएको मानिन्छ । जसलाई हलसारो भनिन्छ । हलसारोमा दुइवटै गोरू एउटै रूप रंगका सिंग कान मिलेका खोजेर प्रत्येक घरको धानको विउ राख्ने बेनोमा एक एक सियो जोतीन्छ । पुरूष जीनो बुढाले नाग रेखा कोर्ने त्यही अर्काले अक्षता राख्ने जोतिएको ठाउँमा अरूले तोड्ने गर्छन यस बेला महिलाहरू सफा र राम्रो पहिरनमा आएर तीनै गोरूलाई घाँस, आटो दिन्छन् । भने अन्यलाई सगुन बाँड्छन । यस बेला ती महिलाहरू विशेष आर्कषक देखिन्छन् ।

### ४.५.१५ विच्छती वा विस्सुवा

धान खेतीका लागि चैत्र १२ गते पानीमा भिजाएर राखेको विउ १६ गते घाममा सुकाइन्छ । यसलाई वीउ पहऱ्याउने भनिन्छ । वीउ पहऱ्याउँदा पुरूषहरूले पानीबाट कच्चिला थैला (चिसो) घरको आँगनमा राखेका हुन्छन् । महिलाहरूले उक्त विउ मजाले कुनै कपडा माथी राखेर छान्दै सुकाउँदै गर्छन । त्यस क्रममा उनिहरू राम्रो कपडामा सजिएका हुन्छन । साथै उक्त विउ सितै भिजेका धानबाट चिउरा कुटिन्छ । जसलाई वियती भनिन्छ । ती चिउरा साँझ घर घरमा दियो बत्ति बालेर चन्दन नाथको पुजा गरी खाइन्छ । टाढा टाढाका छोरी बहिनीहरूलाई पनि ति चिउराको नासो केसेली पुऱ्याइन्छ । त्यस दिनका चिउरा माइतीबाट नआएमा चेली हरू निरास हुने वा दुःख मान्ने गर्छन । त्यही भएर नै अनिवार्य रूपमा पुऱ्याउने गरिन्छ ।

त्यसको ४ दिन पछि अथवा चैत्र २० गते घरमा उम्रेको वीउ बेर्नामा लगेर छरिन्छ । भने महिलाहरू त्यस दिन विशेष पहिरनमा सजियर न्यूला जौवाली लगाएका खेत भित्र उम्रेको सागहरू टिप्न जान्छन् । ज्यूलामा :इसाग : ल्था चाल्या नामको कलिलो सागहरू हुन्छ ती मध्ये :इसाग र चाल्या काचै खाइन्छ । तर :ल्या तितो हुने भएकाले घरमा ल्याएर पखालेर पकाएर खाइन्छ । तितो हुँदा हुँदै पनि औधि मिठो पनि हुन्छ । यो साग खेत खेतमा गएका केटीहरूको हुल रमाइलो गर्दै साग टिप्छन् । त्यो देखेर केटाहरू पनि त्यही पुग्छन र रमाइलो गर्छन । यस दिन ज्यूला भन्दा माथि पाखामा वस्ने महिलाहरू पनि ज्यूला सम्म आइपुग्छन् । महिलाहरूले देउडा खेल खेली रहेका हुन्छन् । केटाहरू रमीते भएर हेर्छन । तर यस्तो खेलमा पुरूषहरू टाढै वस्दछन् । महिलाहरू स्वच्छ भएर गाउछन् तर ती महिलाको खेल माथि पराई गाउँका केटाहरूले विथोल्ने सम्भावना हुने भएकाले त्यस गाउँका केटाहरूले बाहिरी सुरक्षा दिई रहेका हुन्छन् ।

यसरी साग टिपेर रमाइलो गरी आएका महिलाहरू साँझ त्यही साग पकाएर भात सित खान्छन् ।

Lynn Bennett (१९८३) Dangerous wives and secret sisters मा भन्नु हुन्छ की हिन्दु समाज, सांस्कृतिक र पितृसत्तात्मक समाजका कारण नेपाली महिलाको स्थिती पुरुषको तुलनामा कमजोर भूमिका र दवित र सधैं आफू कमजोर छु भन्ने मानसिकतामा छु भन्ने देखीन्छ । त्यस्तै जुम्ली महिलाका चाडपर्वले त्यहि कुराको झल्को दिन्छ । चाडपर्व महिलाले मनाएपनी पुरुकै लागि हुन जस्तै तिजमा आफू श्रीमानको आयू बढोस भनेर कामना गरीन्छ । तागामा पनि श्रीमानकै दिर्घायूको कामना गरीन्छ । यस्ता चाडपर्वहरु भेटीयनन् जसमा महिला र पुरुषको सह अस्थित्व होस, एक अर्कालाई सम्मानको वातावरण होस, आत्म विश्वासको बाटो होस केवल पुरुष सिर्जित र थकान मेटन चौतारी जस्ता बनाइएका चाष्पर्वले पृत्तिसत्तालाई मात्रै मलजल गरेको देखिन्छ । सतही रुपमा दैनिक कार्यबाट केहि राहत पुग्ने जस्ता चाडपर्व देखिए पनि सार तत्व भनेकै पृत्तिसत्ता लाई बलियो बनाउने जस्तो छ ।

# अध्याय ५

## सहभागीहरूको सामाजिक आर्थिक विशेषता

यस अध्ययनको प्रमुख विषय रहेको सामाजिक तथा आर्थिक पक्षको अन्तगर्त सामाजिक पक्षको जानकारी निम्नानुसार देखिएको छ ।

### ५.१ जानसंख्यकी पक्ष

यस अध्ययनमा लक्षित व्यक्तिहरूको सामाजिक जानसंख्यकीय पक्षमा अध्ययन गरिएको छ । जस अन्तरगत उनिहरूको उमेर, शिक्षा, वैवाहिक स्थिति, परिवारको आकार ,परिवारको संरचना सम्वन्धि अध्ययन गरिएको छ ।

### ५.१.१ उमेर

उमेर एउटा महत्वपूर्ण जानसंख्यकीय विशेषता हो । उमेरले नै विभिन्न प्रकारका काम र काम गर्ने समयमा मानिसहरूलाई प्रभाव पार्दछ । कार्य तथा निर्णय प्रंक्रियामा संलग्न हुनका लागि उमेर अति महत्वपूर्ण तत्व हो । यस अध्ययनमा १६ वर्ष भन्दा मुनिका महिलाहरूलाई सहभागि गराईएको छैन । किनकि १६ वर्ष भन्दामुनिका महिलाहरूको उमेर परिपक्व हुँदैन । अध्ययन क्षेत्रका महिलाहरूको उमेरगत अवस्थालाई तलका तालिकामा देखाइएको छ ।

**तालिका नं ११**

| सिनं | उमेर | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | १६देखि ३०वर्ष सम्म | २६ | २७ % |
| ँ२ | ३१ देखि ४५ वर्ष सम्म | ५३ | ५६ % |
| ३ | ४६ वर्ष भन्दा माथि | १६ | १७ % |
| ४ | जम्मा | ९५ | १०० % |

*स्रोत फिल्ड सर्वे २०६८*

अध्ययनमा सहभागि महिलाहरूमा ३१ देखि ४५ वर्ष उमेरका महिलाहरू बढी देखिनुको प्रमुख कारण यस उमेरका महिलाहरू नै घरको जिम्मेवारीमा महत्वपूर्ण भूमीका निर्वाह गरि रहेका र उनिहरू खेती व्यापार, नोकरी र घरायसी लघुकार्यमा लागेका पाईयो । र प्रश्नावलीको मर्म अनुसार अन्तरवार्तामा सामेल भएका छन् । प्रश्न सोधिएका मध्ये ५६%

महिलाहरू यही उमेर समूहका हुनाले त्यस कुरालाई पुष्टि गर्दछ । हुनत संख्याको हिसावले १६ देखि ३० वर्षका महिलाहरू पनि अध्ययन क्षेत्रमा कम थिएनन् । तरपनि उनिहरू मध्ये अधिकाँस अविवाहिता र अध्ययनरत हुनु, विवाह भएकाहरू पनि घर वा समाजको जिम्मेवारीमा छैनौ भनि पन्छीनु जस्ता कारणले दोश्रो स्थानमा वा २७ % देखिए भने १७ % मात्र ४६ वर्ष उमेर र सो भन्दा माथिका अध्ययनमा सहभागी हुन पुगे । यस उमेरका महिलाहरू घरायसी काममा जस्तै खाना पकाउने वच्चा हेर्ने र गाई वस्तु चराउने काममा संलग्न रहेको पाईयो ।

### ५.१.२ धर्म

नेपाल विगतमा हिन्दु धर्म सापेक्ष देश भएपनि हाल धर्म निरीपेक्ष देश घोषणा भई सकेको छ । कुनैवेला सत प्रतिसत हिन्दुहरूको वसोवास रहेको यस क्षेत्रमा मुगु जिल्लावाट आएका भोटे जातिका बुद्ध धर्मालम्वीहरू वस्छन् र उनिहरूले हाल २ वटा चर्चहरू निर्माण गरेका छन् । हिन्दु धर्मावलम्वी भएपनि क्रिश्चियन धर्म प्रचारको प्रभावमा परी स्थानीय मानिसहरूले  २ वटा चर्चहरू पनि निमार्ण गरेका छन् । भने मस्जीदका लागि जग्गा समेत खरिद गरिसकिएको वुझियो । अध्ययन क्षेत्रका महिलाहरूको धार्मिक अवस्था निम्नानुसार रहेको छ ।

**तालिका नं १२**

| सि नं | धर्म | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | हिन्दु | ८६ | ९१% |
| २ | वौद्ध | ६ | ६ % |
| ३ | क्रिश्चियन | २ | २ % |
| ४ | मुसलमान | १ | १ % |
| ५ | जम्मा | ९५ | १०० % |

*स्रोत फिल्ड सर्वे २०६८*

माथिको तालिकाले हिन्दु धर्मालम्वीहरूको संख्या देखिएको छ । वौद्ध धर्मालम्वीहरू ६% रहेका छ । जुम्ला जिल्लाको कुल संख्यामा हिन्दुहरूको संख्या ९७ % रहेको छ । यस गाविसमा ९० प्रतिसत मात्र हिन्दुहरू देखिनु भनेको यस गा.वि.स.मा अन्य धर्मालम्वीहरूको संख्या वढिरहेको देखिन्छ ।

विशेष गरी दलित महिलाहरू र विरामी महिलाहरू क्रिश्चियन धर्म प्रति आकर्षित देखिन्छन् । त्यस्तै जुम्ला वजारमा व्यापारिक कारोवारमा अगाडि रहेका मुसलमान हरूसँग हिन्दु महिलाहरूले विवाह गरेको कुरा असहभागि अवलोकनवाट पाईयो ।

### ५.१.३ भाषा

नेपाल वहुभाषिक देश हो । हाम्रो देशमा विभिन्न भाषाहरु बोलिन्छ तर सरकारी कामकाजको भाषाकारूपमा नेपाली भाषा रहेको छ । यो भाषा यही जिल्लाको सिँजा क्षेत्रवाट उत्पति भएको खस भाषा हो । आफ्नो मातृभाषा नै देशको राष्ट भाषा भएकोमा यहाँका मानिसहरू गर्व गर्दछन् । अन्य जिल्लाहरूवाट आएका मानिसहरू अन्य भाषा बोल्दछन् । अध्ययनमा सहभागि महिलाहरूको भाषिक वर्गिकरण तलको तालिकावाट प्रष्ट हून्छ ।

**तालिका नं १३**

| सि नं | मातृभाषा | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | नेपाली भाषा | ८८ | ९३% |
| २ | भोटे भाषा | ६ | ६ % |
| ३ | हिन्दी भाषा | १ | १ % |
| ४ | जम्मा | ९५ | १०० % |

*स्रोत : फिल्ड सर्वे २०६८*

विभिन्न धर्मावलम्वीहरूले आ आफ्नो मातृभाषा वोलेपनि जुम्लामा क्रिश्चियनहरूले नेपाली नै वोल्दछन् । गुरूङ्ग र मगरहरूले पनि आ आफ्नो मातृभाषा वोल्दैनन् । यिनीहरू जनजाती त हुन् तर आफ्नो मातृभाषा भने नेपाली नै वताउछन् ।

### ५.१.४ वैवाहिक अवस्था

महिलाहरूको सामाजिक अवस्था र आर्थिक अवस्थालाई विवाहले पनि महत्वपूर्ण भूमीका निर्वाह गर्दछ । छिटो विवाह नेपालीहरूको विशेषता भित्र पर्दछ । विवाहले नै छोरीहरू वुहारीमा परिवर्तन हुन्छन् । अधिकाँस नेपाली महिलाहरू २० वर्ष मुनि विवाह गर्छन् । तर अध्ययन क्षेत्रमा १४ वर्ष मुनि विवाह गर्ने महिलाहरूको संख्या उल्लेख्य भेटियो । विवाहका रोचक तथ्याङ्कहरू तलको तालिकाले प्रष्ट पार्दछ ।

**तालिका नं १४**

| सि नं | सहभागी महिलाहरूले विवाह गरेको उमेर | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | १४ वर्ष भन्दा मुनि ,, | १६ | १७ % |
| २ | १५ देखि २० वर्ष भित्र ,, | ५० | ५२ % |
| ३ | २१ देखि २४वर्ष भित्र ,, | २६ | २७ % |
| ४ | २५ वर्ष भन्दा माथि ,, | ३ | ४ % |
| ५ | जम्मा | ५९ | १०० % |

*स्रोत फिल्ड सर्भे २०६८*

माथिको तालिकाले अध्ययन क्षेत्रका महिलाहरू मध्ये आधा भन्दा वढिले अर्थात ५२% ले १५ देखि २० वर्षको उमेरमा विवाह गरेको पाईयो । तर कानुनले नै वर्जित गरेको १४ वर्ष मुनिका १७% महिलाहरू विवाह गरेको तथ्याङ्क अस्वभाविक लाग्यो । उनिहरूका अनुसार छोरीहरू रजस्वला हुनु भन्दा पहिले नै कन्यादान गरिदिदा पूर्ण मिल्छ भन्ने धार्मिक आदर्श रहेछ । तर अव त्यो मान्यता गई सक्यो भन्ने तर्क ती महिलाहरूको छ । यो विवाह ठिक थियो भन्ने एकाध महिलाहरू भेटिए पनि अधिकाँस महिलाहरूले त्यस उमेरमा विवाह गरेको मा पश्चाताप नै व्यक्त गरे ।

२१ देखि २४ वर्ष वीचमा विवाह गर्ने महिलाहरू २७% भेटिए । आधुनिक शिक्षा र संचारको विकासले यो उल्लेखनीय प्रगति भएको देखियो । ढिलो विवाह प्रतिको आकर्षण वढेको पाईयो । त्यस्तै २५ वर्ष भन्दा माथि विवाह गर्नेहरू भेटिन गाह्रो पर्ला भन्ने लागेकोमा ४% महिलाहरू त्यस समूह भित्र देखिनु पनि यहाँको सन्दर्भमा अचम्म लाग्दो कुरा नै मानियो । त्यस सम्वन्धमा विश्लेषण गर्दा भोटे समुदायमा लामो समया सम्म माइतीमा वस्ने र ढिलो विवाह गर्ने प्रचलन रहेको पाइयो । साथै वाहुन क्षेत्रीहरूमा पनि र विशेष गरी शिक्षित महिलाहरू उच्च शिक्षा अध्ययनका कारणले र खोजे जस्तो वर र घरको प्रतिक्षाका कारण ढिलो विवाह गर्ने गरेको पाइयो ।

छिटो विवाहका कारण बढी सन्तान जन्मेको र आमा र वच्चाको स्वास्थ्य कमजोर भएको भन्ने दुखेसो धेरै सुनियो । असहभागी अवलोकनमा छिटो विवाहका कारण सम्वन्ध विच्छेदका घटनाहरू वढेको देखियो । अन्तरवार्ताका क्रममा छिटो विवाह गरेका महिलाहरू लाज मान्ने संकुचित देखियो भने ढिलो विवाह गरेकाहरू फराकिला र फरासिला पाईयो ।

### ५.१.५ विवाहका वारेमा निर्णय

महिलाको भावि जीवन वन्न र विग्रन विवाह महत्वपूर्ण तत्व हो । तर विवाह कहिले गर्ने ? किन गर्ने ? को सित गर्ने ? भन्ने निर्णयमा महिलाहरू आफै पुग्न नपाउनु नेपाली महिलाहरूको परम्परा हो । आफ्नी छोरीहरूको विवाह राम्रै घरमा गरिदिने कर्तव्य वुझेका वावु आमाहरूले छोरीकालागि राम्रै घर त हेर्न सक्लान् तर राम्रो वर हेर्न के गर्लान् ? हुनत भाग्यवादमा विश्वास गर्ने यस समाजमा राम्रो र नराम्रो वर वा घर पर्नु लाई छोरीको भाग्य सँग जोडिन्छ । तथापी आफ्ना आमा वावा भन्दा इष्ट मित्र र अन्य ठालु भलादमीहरूले पनि विवाहको निर्णय गरि दिएका थुप्रै सदृष्टान्तहरू यस समाजमा पाईने र यसरी गरिएको विवाहले आफ्नो भाग्य भन्दा पनि अरूकै भाग्य सप्रेको तितो सत्य अध्ययन क्षेत्रमा यस्तो भेटियो । जुन तालिकामा निम्न अनुसार देखाइएको छ ।

**तालिका नं १५**

| सि नं | विवाहको निर्णय कसले गऱ्यो | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | वावु आमा र नातेदारले | २१ | २२ % |
| २ | केटी आफैले | ५९ | ६२ % |
| ३ | साथिहरू वा अन्यले | १५ | १६ % |
| ४ | जम्मा | ९५ | १०० % |

*स्रोत : फिल्ड सर्भे २०६८*

यस तालिकाले बड्की गाविसका ६२ % महिलाहरूले आफ्नो विवाहको निर्णय आफै गरेको पाइयो । पर संस्कृतिग्रहण गर्ने दर विगतका केहि वर्ष यता निकै बृद्धि भएको देखिन्छ । विभिन्न खाले फिल्म, टेलिभिजनमा देखाइने धारावाहिक अधिकार मुखि सँघसंस्थाका कार्यक्रम, महिलाका विभिन्न खाले समूह र विभिन्न खाले आन्दोलन, विश्वव्यापीकरणका प्रभाव तथा शिक्षामा महिलाको पहुँचले गर्दा महिलाको आफ्नो निर्णय आफैले गर्न सक्षम भएका हुन । आत्म निर्णयको अधिकार यति धेरै महिलाहरूले प्राप्त गरेको तथ्याङ्क सन्तोषजनक नै मान्नु पर्छ । तर आफ्नो जीवनको सवै भन्दा महत्वपूर्ण मानिने विवाह जस्तो कार्यमा पनि आधा भन्दा केही कम महिलाहरूले निर्णय आफै गर्न नपाएको दुखद समचार यस तथ्याङ्कले देखाऊँछ । तथ्याङ्कले २२% महिलाहरूको भाग्य र भविष्यको फैसला तिनीहरूका वा आमा र नातेदारहरूले गर्दा रहेछन् भने १५% प्रतिसत महिलाहरू तिनका साथीहरू र अन्य ठालु भलाद्मी लमी वा अरू कसैको निर्णयमा आत्म समर्पण

गर्दारहेछन् । तर अव यस वारे महिलाहरूमा सचेतता आई सकेको कुरा असहभागि अवलोकन र छलफलवाट थाह पाइयो ।

### ५.१.६ छोरीको विवाहका प्रतिको दृष्टिकोण

आफ्नो उमेर नपुगि विवाह भएका अधिकाँस महिलाहरू पछुताएको र आफुले ठिक समयमा विवाह गरेका कारण जीवनमा राम्रै भएको र आफ्ना छोरा छोरीहरूकालाई पनि परिपक्व उमेरमा विवाहगर्ने धारणा सहभागि महिलाहरूले व्यक्त गरे । तर पनि परम्परा, आदर्श, अशिक्षाको छाया भने मडारी नै रहेको कुरा तलको तालिकावाट देखिन्छ ।

**ंतालिका नं १६**

| सिनं | विवाहका लागि छोरीको उमेर | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | १८ वर्ष मुनि | ६ | ६% |
| २ | १९ वर्ष देखि २०वर्षसम्म | ५० | ५३% |
| ३ | २१वर्ष देखि २४ वर्ष सम्म | ३२ | ३३ % |
| ४ | २५ र त्यस भन्दा माथि | ७ | ७ % |

*स्रोत : फिल्ड सर्वे २०६८*

यस तालिकामा १८ वर्ष भन्दा मुनि आफ्नी छोरीको विवाह गर्ने ईच्छा राख्ने केवल ६% महिलाहरूमात्र देखिए भने तिनीहरूले १५ वर्ष मुनि आफ्ना छोरीहरूको विवाह गर्ने कुरा ठाडै अस्वीकार गरे । १७ वर्षको उमेरमा विवाह गर्न नहुने यहाँको धार्मिक विश्वासका कारण १८ वर्षमा नै राम्रो केटासँग विवाह गरिदिने विचार व्यक्त गरेको पाइयो । सत्र भन्ने शब्द विजोड भएकोले उक्त वर्ष उमेरमा कुनै पनि शुभकार्य गर्न नहुने परम्परा रहेको कारण सत्र वर्षमा कुनै कार्य गर्नु हुदैन । अध्ययन क्षेत्रका अधिकाँस महिलाहरू आफनी छोरीहरूको विवाह १९ र २० वर्षमा नै गर्न चाहन्छन् ।किन भनेर प्रश्न गर्दा उनिहरूको तर्क छ , “सरकारले पनि त्यही उमेरमा  विवाह गर भनि कानून वनाई सक्यो त्यो भन्दा मुनि गर्ने कुरा भएन त्यस उमेर भन्दा माथि विवाह गर्दा छोरीको जात माइतीमा धेरै राख्नु हुँदैन ।” यसवाट के कुरा प्रष्ट हून्छ भने अध्ययन क्षेत्रका महिलाहरू कानुनी रूपमा पनि सचेत भईसकेका रहेछन् । ५३ % महिलाहरूले आफनो धारणा यस समूहमा व्यक्त गरेका छन् । त्यस्तै ३३ % महिलाहरू आफ्ना छोरीको विवाह २१ देखि २४ वर्षको उमेरमा गर्ने इच्छा व्यक्त गर्छन् । यी महिलाहरूमा नोकरी गर्ने र गाँउमा पनि शिक्षित घरका महिलाहरूले यो

विचार व्यक्त गरेको पाइयो । अध्ययन क्षेत्रका ७ प्रतिसत महिलाले भने आफ्ना छोरीहरूको विवाह २५ वर्ष भन्दा माथिको उमेरमा गरी दिने विचार व्यक्त गरे । यिनीहरूको तर्क थियो "जव सम्म वि.ए. पास हुदैनन् तव सम्म विहे नगर्ने" यस क्षेत्रका महिलाहरूमा विवाह सम्वन्धि सचेतनामा विकास भएको कुराको आभास पाईन्छ ।

### ५.१.७ शिक्षा

वहुसंख्यक नेपाली महिलाहरू निरक्षर छन् । नेपालमा (रा ज ग २०६८) को तथ्याङ्कलाई हेर्दा ५१.४ % महिलाहरू मात्र साक्षार छन् । जवकि ७२.०२ % पुरूषहरू साक्षार छन् । महिलाहरूको सामाजिक आर्थिक अवस्था दयनीय हुनको प्रमुख कारण भनेको निरक्षरता नै हो । अध्ययन क्षेत्रका महिलाहरूको शैक्षिक अवस्था तलको तालिका अनुसार देखिएको छ ।

**तालिका नं. १७**

| सि.नं. | शिक्षा | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | एस.एल.सी. माथि | २ | २ % |
| २ | एस.एल.सी. | ८ | ८ % |
| ३ | साक्षार | ३३. | ३४ % |
| ४ | निरक्षर | ५२ | ५६ % |
| ५ | जम्मा | ९५ | १०० % |

*स्रोत : फिल्ड सर्वे २०६८*

यो तालिकाले अध्ययन क्षेत्रका वहुमत महिलाहरू निरक्षर रहेको वताउछ । यस तथ्याङ्कले जुम्ला जिल्लाका अरू गाविसका महिलाहरूको शैक्षिक अवस्था अरू खराव रहेको देखाउछ । ५६ % महिलाहरू निरक्षर हुनुको पछाडी उनिहरूमा अनौपचारीक शिक्षाका कार्यक्रमहरूको प्रभाव पनि नपरेको पाइयो ।विद्यालयमा गएका छोरीहरू पनि ठूलो संख्यामा अनूतीर्ण हुने र विद्यालय छोड्ने गरेको गुनासो यी महिलाहरूको छ । चुलो चौको घाँस दाउरा र खेतीको कार्यमा संलग्न रहने यी महिलाहरू इच्छा हुँदा हँदै पनि पढ्न नसकेको वताउछन् । केवल २ प्रतिसत मात्र एस एल सी भन्दा माथि र ८% ले मात्र एस एल सी उतीर्ण गरेको पाइयो । यस तथ्याङ्कले छोरीको शिक्षा प्रति सरोकारवालाको ध्यान नगएको

पाईयो । सरकारले यस पटक ल्याएको साक्षारता अभियान अन्तरगत गाँउमा पढ्न पाईने आशा यी महिलाहरूले व्यक्त गरेका छन् ।

### ५.१.८ छोरीको शैक्षिक सुधारका लागि सहभागी महिलाहरूको सिफारिस

निरक्षरता कसरी हटाउने र तपाइहरूका छोरीहरूलाई कसरी शिक्षित वनाउने ? भन्ने प्रश्नमा उनीहरूको जवाफ यस्तो थियो ।

**तालिका नं १८**

| सि नं | वर्णन | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | निशुल्क पोषाक वितरण | २६ | २८ % |
| २ | निशुल्क शिक्षा | ५६ | ५९ % |
| ३ | महिला र गरिवहरूलाई प्राथमिकता दिनु पर्ने | ६ | ६ % |
| ४ | सम्पूर्ण कुरा निशुल्क हुनु पर्ने | ७ | ७ % |
| ५ | जम्मा | ९५ | १०० % |

*स्रोत : फिल्ड सर्वे २०६८*

यस तथ्याङ्कले ५६ % महिलाहरू निशुल्क शिक्षाको माग गर्दछन् भने निशुल्क पोषाक हुनु पर्छ भन्ने महिलहरू २८ प्रतिसत छन् ।त्यस्तै गरिव र महिलाहरूलाई प्राथमिकता दिनु पर्छ भन्ने कुरामा ६ प्रतिसत महिलाहरू सहमत छन् । सम्पूर्ण कुरा निःशुल्क भए मात्र छोरीहरू पढ्न सक्छन् भनि ७ प्रतिसत महिलाहरूले सिफारिस गरेका छन् । यी महिलाहरूको थप तर्क छ छोरीहरूको पढाइमा साँच्चै ध्यान दिनेहो भने विद्यालयहरूमा छात्रावासको व्यवस्था हुनुपर्छ र त्यहाँ महिला शिक्षिकाहरू पनि वस्नु पर्छ ।

### ५.१.९ पारिवारिक संरचना

पारिवारिक संरचनाले पनि महिलाहरूको अवस्थामा प्रभाव पारेको हुन्छ । गरिबी र मानसिक तनाव एवं कलह अथवा शान्तिपूर्ण अवस्थाहरूको सिर्जनामा पारिवारिक संरचनाले महत्वपूवर्ण भुमिका खेलेको हुन्छ । अध्ययन क्षेत्रका महिलाहरूमा ३ प्रकारका परिवारका संरचना भेटिए ।

**तालिका नं १९**

| सि नं | पारिवारिक संरचना | संख्या | प्रँतिसत |
|---|---|---|---|
| १ | एकल परिवार | ७८ | ८२ % |
| २ | संयुक्त परिवार | १६ | १७ % |
| ३ | वृहत परिवार | १ | १ % |
| ४ | जम्मा | ९५ | १०० % |

*स्रोत : फिल्ड सर्वे २०६८*

केही वर्ष पहिले यस क्षेत्रमा अधिकाँस संयुक्त परिवारहरू पाइन्थे भने आधुनिक संचार तथा यातायातको विकासले पूँजीवादी वन्दोवस्तलाई प्रचार गरेकै कारण यहाँका संयुक्त परिवारहरू धमाधम फुटेर एकल परिवारमा परिणत भएको पाईयो ।अध्ययन क्षेत्रमा ८२ % परिवारहरू एकल परिवार भेटिए भने १७ प्रतिसत संयुक्त परिवार पाइए । त्यस्तै एउटा मात्र वृहत परिवार भेटियो ।यही क्रम वढ्दै जानेहो भने संयुक्त परिवार इतिहासका पाना भित्र मात्र रहने देखिन्छ। एकल परिवारमा सुख हुने कुरा सहभागि महिलाहरूले वताए ।

### ५.१.१० परिवारको आकार

अध्ययनमा सहभागि महिलाहरूका परिवारलाई आकारका आधारमापनि ३ भागमा वाँडियो जहाँ १देखि ५ जना सम्मको संख्यालाई सानो परिवार ६ देखि १० जना सम्मको परिवारलाई मध्यम आकारको परिवार र ११ र त्यस भन्दा माथिको परिवारलाई ठूलो परिवारकोरूपमा राखेर अध्ययन गर्दा तालिकामा यस प्रकारका परिवारका आकार पाइयो ।

**तालिका नं २०**

| सि नं | परिवारको आकार | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | सानो परिवार (१देखि ५जनासम्म) | ४६ | ४८ % |
| २ | मध्यम  परिवार (६ देखि १० जना सम्म) | ३५ | ३७ % |
| ३ | ठूलो परिवार (११ जना र त्यस भन्दा माथि) | १४ | १५ % |
| ४ | जम्मा | ९५ | १०० % |

*स्रोत : फिल्ड सर्वे २०६८*

यस तालिकामा ४८ % महिलाहरू सानो परिवारमा वस्छन् । ३७ % महिलाहरू मध्यम परिवारमा वस्छन् । भने १५ प्रतिसत महिलाहरूमात्र ठूलो परिवारमा वस्छन् । यस तथ्याङ्कवाट के कुरा वुझ्नु पर्ने भयो भने तालिका नं १७ वमोजिमको एकल परिवारमा पनि ६ भन्दा वढि संख्या हुने धेरै परिवारहरू रहेछन् ।

अधिकांस महिलाले सानो परिवारमा वस्न रूचायको पाइयो । चाहेर मात्र सानो परिवार नहुने तर्कहरू ती महिलाहरूवाट आयो । छलफलमा सानो परिवार खान र लाउनको लागि मात्र हो काम गर्नका लागि त ठूलो परिवार नै राम्रो हो । भन्ने तर्कपनि उनिहरूले राखे । अन्तत सानो परिवार चाहना र ठूलो परिवार एक आदर्श मात्र रहेको पाईयो ।

### ५.१.११ विकासका गतिविधि तथा सामाजिक संस्थामा महिलाको सहभागिता

सन् १९५० को दशक पछि विश्वमा आएको विभिन्न खाले सोच, सिद्धान्तको प्रत्यक्ष, अप्रत्यक्ष प्रभाव नेपालमा पनि परेको देखिन्छ । विशेष गरी सन् १९९० को दशकमा आएको NGO, लिड विकास अवधारणा अर्न्तगत विभिन्न खाले INGo र NGO तथा स्थानिय क्लबहरुले महिलाको विषयमा कार्य गरेको देखिन्छ । महिला अधिकार मुखी कार्य, उद्यमशीलता लघु आयआर्जन कार्यले महिलाको हकमा उल्लेखनीय कार्य देखिन्छ । जसको प्रभाव जुम्ली महिलामा परेको देखिन्छ । हिजो आफ्ना समस्या खोल्न र बाहिर बोल्न समेत नसक्ने महिला आज प्रजनन लगायत विभिन्न खाले समस्याको बारेमा खुलेर छलफल, अर्न्तक्रिया र विरोध गर्न थालेका देखिएकाले परिवर्तनको महशुस गरिएको देखिन्छ । त्यसको परिणाम भनेकै महिलाको सँघसंस्थासँग हुने आवद्धताले हो । तसर्थ आज महिलाहरूलाई धेरै अवसरहरू प्राप्त भएका छन् । सँघ सँस्थामा सहभागीहुँदा महिलाहरूले पढ्ने लेख्ने र केही न केही उपार्जन गर्ने अवसरहरू प्राप्त गर्दछन् । अध्ययन क्षेत्रमा महिलाहरूको संघ सँस्थामा सहभागीताको छ कि छैन भनि सोधिए पछि निम्नानुसारको अवस्था रहेको देखिएको छ ।

**तालिका नं २१**

| सि नं | सहभागिता छ ? छैन ? | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | छ । | ८४ | ८८ % |
| २ | छैन । | ९ | १० % |
| ३ | थाहा छैन । | २ | २ % |
| ४ | जम्मा | ९५ | १०० % |

*स्रोत:फिल्ड सर्वे २०६८*

घरायसी कामवाट पटक्कै फुर्सत नपाउने र सामूहिक कार्यमा संलग्न हुन नसक्ने महिलाहरू विगत केही वर्ष देखि विभिन्न संघ सँस्थामा रहेर काम गरेका वा संगठित भएका छन् । भन्ने कुरा माथिको तालिकावाट प्रष्ट देखिन्छ । ८८ % महिलाहरू कुनै न कुनै संघ सँस्थामा संलग्न रहेको पाइयो भने मात्र ९ प्रतिसत महिलाहरू संघ संस्थामा छैनौ भन्ने जवाफ पाइयो । र २ प्रतिसतले थाहा छैन भने वाट यस अध्ययन क्षेत्रका महिलाहरूको संघ सँस्थामा संलग्नता व्यापक मात्रामा भएको देखिन्छ । यी सँघ सँस्थाहरूमा आमा समुह, महिला स्वयम सेविका, वचत समूह, कृषि समूह, सहकारी सँस्था आदि छन् भने 'काष्डा' नामको गैह्रसरकारी सँस्थाले प्रत्येक गाँउमा समुह गठन गरेको पाइयो । नेपालसकारको गरिवी निवारण कार्यक्रम पनि यही संस्थासंग साजेदारीमा सञ्चालन भई रहेको र त्यसको नियममा महिलाहरूलाई अनिवार्य नेतृत्वमा राख्ने प्रावधान रहेकाले महिलाहरूलाई राम्रै अवसर प्राप्त भएको छ ।

यस क्षेत्रका महिलाहरू आफ्ना समस्याहरू लिएर स्थानीय विकास अधिकारी, जि.शि.का र अन्य निकायहरूमा डेलिगेशन समेत जाने गरेको पाइयो । साथै गाँउमा जुवा तास र जाँड रक्सीको बेचबिखनको विरूद्ध पनि आवाज उठाएका पाइयो । तर महिलाको जायज काममा प्रशासन, राजनीतिक दल र अन्य निकायहरूवाट उस्तो सहयोग नभएको गुनासो यी महिलाहरूको छ । विभिन्न संघ सँस्थामा संलग्न भएतापनि गैह्र सरकारी सँस्था प्रति भने यी महिलाको राम्रो धारणा पाइएन । हाम्रो फोटो लिएर आफ्नो स्वार्थ पुरा गर्छन् भन्ने गुनासो यिनीहरूको छ । तथापी महिलाहरू यति शसक्त हुनमा ती सँस्थाहरूको भूमीकालाई नजर अन्दाज भने गर्न सकिदैन । सामाजिक परिवर्तन, माओवादी आन्दोलन, विभिन्न खाले मिडिया विशेषगरी एफ.एम. तथा विभिन्न संघ संस्थाले गरेको अधिकार मुखी जनचेतनाका कारण महिलाको चेतना स्तरमा वृद्धि भई जन-मानस तर्फ अग्रसर हुने क्रम बढेको देखीन्छ ।

### ५.२ आर्थिक पक्ष

आर्थिक पक्ष अन्तगर्त अध्ययन क्षेत्रका महिलाहरूको पेशा, जमिनमा स्वामित्व, आयस्रोत, कामको प्रकार र पुरूषहरूको सहयोगका बारेमा अध्ययन गरिएको थियो । विभिन्न प्रश्नावलीहरू वनाई लिइएको अन्तरवार्तावाट संकलित तथ्याङ्कहरूले निम्नानुसारको आर्थिक अवस्था रहेको छ ।

### ५.२.१ पेसा

उत्पादनका कार्यमा महिलाहरू अत्यधिकमात्रामा लागेको पाईन्छ । तर उनिहरूको श्रमवाट प्राप्त उत्पादनको मूल्य लाई मुद्रामा हर हिसाव न गरिने भएकाले महिलाहरूलाई नाम र दाम दुवै प्राप्त हुँदैन । दिनको करिव १६ घण्टा सम्म काममा व्यस्त रहने यहाँका महिलाहरूले निम्न पेसा अँगालेका छन् ।

**तालिका नं २२**

| सिनं | पेसा | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | घरधन्दा | ७ | ८ % |
| २ | घरधन्दा र खेती | ७७ | ८१ % |
| ३ | व्यापार | ५ | ५ % |
| ४ | नोकरी | २ | २ % |
| ५ | मजदुरी र अन्य | ४ | ४ % |
| ६ | जम्मा | ९५ | १०० % |

*स्रोत : फिल्ड सर्वे २०६८*

माथिको तालिकामा ८१ प्रतिसत महिलाहरू कृषि पेसामा व्यस्त रहने र त्यसका अतिरिक्त घर धन्दामा लाग्ने गरेको पाइयो । जीवन भरी ढुङ्गा माटो सँग जुधिरहने यी महिलाहरू धान खेतीमा वीउ उमारे देखि काट्ने वेलासम्म एउटा वोटलाई ५ चोटी समात्नु पर्ने अवस्था छ । जतिसुकै परिश्रम गरेपनि खानु खाद्य र खेती गर्नु वाद्य भन्ने उखान याँहा चरितार्थ छ । यसको अर्थ केहो भने नेपाल खाद्य संस्थान को कार्यलयवाट चामल नलिए सम्म वर्ष भरि खान नपुगे पनि परम्परा देखि गरिदै आएको खेति वाद्य भएर गर्नु पर्ने यहाँको वाध्यता नै वनेको छ । खेती गर्नु भनेको खेतबारीमा काम गर्नु मात्र होइन । साँझ विहान खाने पकाउने रअन्य कामहरू पनि यिनीहरूले नै गर्नु पर्छ ।

घरमा खेतीको काम गर्ने मान्छे भएकी महिलाहरूले खेतबारीमा नगई घर धन्दामा लागेका हुन्छन् । घर धन्दा अन्तगर्त खाना पकाउने, कपडा धुने, पशु चराउने, वच्चाको हेरचााह गर्ने आदि काम पर्दछन् । यस कार्य अन्तर्गत अध्ययन क्षेत्रमा ७ प्रतिसत महिलाहरू भेटिए । अध्ययनको क्रममा ४ प्रतिसत महिलाहरू मजदुरी गरेर जीवन यापन गर्ने गरेको पाइयो । कतिपय दलित महिलाहरू यस पेसामा रहेका पाइयो तर मजदुरीमा स्थायी रूपले लागेको पाईदैन । यिनीहरूलाई मौसमी मजदूर भन्दा फरक पर्दैन । सवै भन्दा कम

महिलाहरू नोकरीमा लागेको पाइयो जम्मा २ प्रतिसत महिलाहरूमात्र यस पेशामा रहेको कुरा तालिका वाट प्रष्ट हुन्छ । तर यो सख्या प्रतिदिन वढ्दो क्रममा छ । व्यापार र नोकरीमा महिलाहरूको आकर्षण वढ्दैगएको देख्दा अवका केही वर्षमा कृषि पेसामा परिवर्तन आउने देखिन्छ ।

### ५.२.२ परिवारको मुख्य आम्दानी

८१ प्रतिसत नेपालीहरूको प्रमुख आम्दानीको स्रोत खेतीपाती नै रहेको सन्दर्भमा अध्ययन क्षेत्रमापनि अर्को परिस्थिती छैन । साथै कतिपय महिलाहरूका परिवारको प्रमुख आम्दानीको स्रोत व्यापार नोकरी  र ज्याला मजदुरी रहेको पाइएको छ । जुन कुरा तलको तालिका बाट प्रष्ट हुन्छ ।

**तालिका नं २३**

| सि. नं. | परिवारको आम्दानीको प्रमुख स्रोत | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | खेती | ५० | ५२ % |
| २ | व्यापार | ९ | ९% |
| ३ | नोकरी | १२ | १३ % |
| ४ | ज्याला मजदुरी | २४ | २६ % |
| ५ | जम्मा | ९५ | १०० % |

*स्रोत : फिल्ड सर्वे २०६८*

यस क्षेत्रका महिलाहरू खेतीपाती मा नै संलग्न  रहेको कुरा तालिका नं १८ वाट स्पष्ट भईसकेको छ । तर यस तालिकामा परिवारको मुख्य आम्दानी खेतीवाट घटेर गएको छ । यसको अर्थ कतिपय महिलाहरू आफु खेतीमा संलग्न रहेपनि निजका परिवारका पुरूषहरू व्यापार वा नोकरीमा लागेका हुन्छन् । खेतीवाट भन्दा त्यो परिवारमा अन्यत्र वाट वढि आम्दानी हुन्छ भन्ने तथ्य यसले देखाउछ । त्यसकारण प्रमुख आम्दानी खेतीवाट हूने ५० % महिलाहरू छन् । त्यस्तै ज्याला मजदुरी वाट आम्दानी गर्ने महिलाहरूको परिवार २६ % छन् भने नोकरीमा १२ र व्यापारवाट प्रमुख आम्दानी हुने ९ प्रतिसत महिलाका परिवारहरू छन् । आम्दानीलाई मुख्य आधार मान्ने हो भने यहाँ किसान र मजदुर महिलाको संख्या अधिक रहेको पाईन्छ । यिनीहरूको अवस्था दयनीय नै छ ।

### ५.२.३ परिवारको वार्षिक आम्दानी

कुनैपनि परिवारको वार्षिक आम्दानीले त्यस परिवारको आर्थिक अवस्थालाई झल्काउदछ । अध्ययन क्षेत्रका महिलाहरूका परिवारको वार्षिक आम्दानीलाई तलको तालिकामा देखााइएको छ ।

**तालिका नं २४**

| **सि नं** | **परिवारको वार्षिक आय** | **संख्या** | **प्रतिसत** |
|---|---|---|---|
| १ | २०००० भन्दा कम | ४९ | ५२ % |
| २ | २०००० देखि ५०००० सम्म | ३६ | ३८ % |
| ३ | ५१००० देखि १००००० सम्म | ८ | ८ % |
| ४ | १००००० भन्दा माथि | २ | २ % |
| ५ | जम्मा | ९५ | १०० % |

*स्रोत : फिल्ड सर्भे २०६८*

नमूना लिएका महिलाका परिवारहरू मध्ये वार्षिक २०००० भन्दा कम आम्दानी हुने परिवारहरूको संख्या ठूलो छ । जुन ५२ % छ । यस्ता परिवारहरूमा सालभरमा एक जार नयाँ कपडा अथवा जुत्ता फेर्न धौ धौ पर्छ । राम्रो लुगा र मिठो खाना धेरै टाढाको कुरा हुदोरहेछ । मासु चाख्न पनि दशैं कुर्नु पर्ने यी परिवारहरूको स्थिति दयनीय छ ।

त्यस पछि ३८ प्रतिसत परिवारको वार्षिक आम्दानी २०००० देखि ५०००० सम्म छ । यस समूहका परिवारहरू भने वर्ष भरी मुस्किलले खाना पुऱ्याउदछन् । चाडवाड वाहेक अघि पछि मिठो मसिनो खान यीनीहरूलाई पुग्दैन । वच्चा वच्चीहरूको शिक्षामा पनि राम्रो लगानी गर्न सग्दैनन् । ८ % महिलाका परिवारहरू भने यहाँका हुने खाने मध्येका पर्दछन् । सारै कन्जुस्याई र छिट्टै धनी वन्ने सपना वोकेका मध्येका यिनै परिवारका मानिसहरू हुने भएकाले महिलाहरूको स्थिति यहाँपनि राम्रो देखिदैन ।

अधिकृत वा नासु स्तरका नोकरी गर्ने जुम्ला बजारमा ठूल ठूला पसल भएका र आई एन जि ओहरूमा जागिर भएका परिवाको वार्षिक आम्दानी १,००,००० भन्दा माथि छ । यो संख्या सारै कम भए पनि यस्ता घरका महिलाहरूको अवस्था सारै सुखि र सम्पन्न छ अधिकांस मानिसहरूको आम्दानीको स्रोत कृषि नै भएको सन्दर्भमा कृषि उत्पादन हुने जमिनमा कस्को स्वामित्व छ भन्ने कुराले महत्व राख्दछ । महिलाका नाममा जग्गाको

स्वामित्व नहुने भएकाले परिवारमा उनिहरूको अवस्था कमजोर हुन जान्छ। अध्ययन क्षेत्रका महिलाहरूको जमिन माथिको स्वामित्व यस प्रकारको रहेको छ।

### ५.२.४ जमिनको स्वामित्व

अधिकांश मानिसहरूको आम्दानीको स्रोत कृषि नै भएको सन्दर्भमा कृषि उत्पादन हुने जमिनमा कस्को स्वामित्व छ भन्ने कुराले महत्व राख्दछ। महिलाको नाममा जग्गाको स्वामित्व नहुने भएकाले परिवारमा उनिहरूको अवस्था कमजोर हुन जान्छ। अध्ययन क्षेत्रका महिलाहरूको् जमिनमाथिको स्वामित्व यस प्रकार रहेको छ।

**तालिका नं २५**

| सि नं | जमिनको स्वामित्व छ ? छैन ? | सङ्ख्या | प्रतिसत |
|---|---|---|---|
| १ | छैन | ८० | ८४ % |
| २ | छ | १३ | १४ % |
| ३ | थाहा छैन | २ | २ % |
| ४ | जम्मा | ९५ | १०० % |

*स्रोत : फिल्ड सर्वे २०६८*

अध्ययन क्षेत्रका ८० % महिलाहरूका नाममा जग्गाको स्वामित्व छैन भन्ने जवाफ आयो । तिनीहरूको परिवारमा निर्णयक भुमिका नरहेको पाइयो । भने १३ प्रतिसत महिलाहरूसँग मात्र जमिनको स्वामित्व रहेको देखियो । तिनीहरूका घरपरिवारमा राम्रो अवस्था देखियो। कतिपयले आफ्नो नाममा जग्गा भएकोमा गर्व गरे । भने २ प्रतिसतले जग्गाका स्वामित्व वारे आफुलाई केहि थाहा नभएको वताए । के देखियो भने कृषि उत्पादनको महत्वपूर्ण जिम्मेवारी लिएका महिलाहरूको नाममा जमिनको स्वामित्व रहनु पर्ने अनिवार्य जस्तै देखियो।

### ५.२.५ पुरूषहरूवाट महिलाहरूका काममा सहयोग

समाजमा महिला र पुरूषहरूले गर्ने कामहरू स्पष्ट रूपमा तोकिएका हुन्छन् । पितृसतात्मक समाजको विशेषता नै सामन्तवादी समाजको विशेषता नै हो कि महिलाहरूले घर धन्दा र पुरूषहरूले घर वाहिरको काम गर्ने । साथ साथै महिलाहरूले कृषिका कार्यहरूमा पनि सहभागी हुनु पर्ने भएकाले उनिहरूलाई दोहोरो जिम्मेवारी निर्वाह गर्नु पर्ने

हुन्छ । अध्ययन क्षेत्रका महिलाहरूलाई के कति कार्य बोझ हुन्छ ? र तिनीहरूका पुरूषहरूले के कस्तो काममा सहयोग गर्दछन् ? भन्ने विषयमा छलफल गर्दा निम्नानुसारका जवाफहरू प्राप्त भए ।

**तालिका नं २६**

| **सि नं** | **कामको प्रकार** | **संख्या** | **प्रतिसत** |
|---|---|---|---|
| १ | खाना पकाउने | ७ | ७ % |
| २ | गाईवस्तु चराउने | १५ | १६ % |
| ३ | खेती कार्य | ५४ | ५७ % |
| ४ | कपडा धुने | ५ | ५ % |
| ५ | व्यापार | ९ | १० % |
| ६ | सवैकाममा | ५ | ५ % |
| ७ | जम्मा | ९५ | १०० % |

*स्रोत: फिल्ड सर्वे २०६८*

यस तालिकावाट सवैभन्दा वढि ५७ प्रतिसतले उनीहरूका पुरूषहरूवाट खेतीको काममा सहयोग पाएको र खेतीवाट उत्पादन भएको अन्नले परिवार पाल्न सकिएको बताए । त्यस्तै १६ प्रतिसत महिलाहरूले उनीहरूका पुरूषहरूले गाई बस्तु चराएर सहयोग गरेको वताए भने ९ प्रतिसत महिलाहरूलाई उनीहरूका पुरूषहरूवाट व्यापारमा सहयोग भएको र व्यापारमा दुवै जना लागेर काम गर्दा मनग्य फाइदा पुगेको वताए । त्यस पछि खाना पकाएर सहयोग गर्ने पुरूषहरू ७ प्रतिसत देखिए भने ५ प्रतिसतले लुगा धोएर सहयोग गर्ने गरेको पाइयो । यस क्षेत्रमा कुनैपनि महिलाहरूले आफ्ना पुरूषहरूले सहयोग गर्दैनन् भन्न नचाहेको पाइयो यस्तो प्रश्नलाई असहभागि अवलोकनवाट अध्ययन गर्दा सबै काममा सहयोग गर्ने भनेका पुरूषहरू नै महिलाहरूलाई कुनै काममा सहयोग गर्दा रहेन छन् । बरू दिन भरि वजारमा घुमेर साँझ घर आउँदा मदहोसमा आउने र श्रीमती तथा आमाहरूलाई दुःख दिने गरेको पाइयो ।

### ५.२.६ घरायसी निर्णयमा महिलाहरूको भूमीका

घरको चौतर्फी विकासकालागि त्यसघरका सबै सदस्यहरूको क्षमताअनुसारको दाहित्व रहन्छ । त्यसमा पनि परिवार नामको रथ चलाउन पुरूष र महिला नामका दुवै

पाङ्ग्राहरू बरावर चल्नु पर्छ । हर पल महिलाहरूको राय मात्र लिने होइन कि उनीहरूको निर्णय लाई कार्यन्वयन गरी अगाडी बढ्नु उत्तिकै जरूरी हुन्छ ।

हिन्दु समाजको आदर्श अनुसार महिलाहरूको उमेर, हैसियत र जिम्मेवारीका सिमाहरू निर्धारण गरिएका हुन्छन् । तर जनजाती हरूमा ती सिमाहरूका पहाड रहँदैनन् भन्ने कुरा विभिन्न समाजशास्त्रीय अध्ययनहरूले बताएका छन् । यस अध्ययन क्षेत्रमा लिएका नमुना सहभागीहरूलाई 'तपाईहरू घरको निर्णय प्रक्रियामा भागलिनु हुन्छ कि लिनुहुन्न' भनि सोधिएको प्रश्नको जवाफहरू यस प्रकार प्राप्त भए ।

**तालिका नं २७**

| सिनं | घरायसी कार्यमा | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | निर्णय लिन्छु | ५९ | ६२ % |
| २ | मेरो कुरा केही लाग्दैन | ३६ | ३८ % |
| ३ | जम्मा | ९५ | १०० % |

*स्रोत : फिल्ड सर्भे २०६८*

यस तालिकामा घरायसी कार्यमा निर्णय लिने कुरामा ६२% महिलाहरू सहभागी हुने गरेको पाइयो यस तथ्याङ्कले अध्ययन क्षेत्रका महिलाहरू घरको निर्णयमा एकल परिवार, आफै घरमुलि भएकी र श्रीमान श्रीमती विचमा राम्रो समजदारी भएका परिवारहरूका महिलाहरू पाइए भने वाँकी ३६ प्रतिसतमहिलाहरू (सासु ससुरा वा जेठाजु घरमुलि हुने) परिवारमा निर्णय लिन नपाउने देखियो । कतिपय पुरूषहरूसँग राम्रो सम्वन्ध नभएका र पुरूषहरू शिक्षित भएका तर महिलाहरू अनपढ भएका परिवारका महिलाहरू यस समुह भित्र पर्दछन् ।

### ५.२.७ महिलाहरूसँग व्यक्तिगत सम्पति - दाइजो वा पेवा

विवाह हुँदा महिलाले माईतीवाट दानकारूपमा प्राप्त भई आफ्नो साथमा लिएर जाने सम्पतिलाई दाइजो भनिन्छ भने विवाह पूर्व वा पछि आफ्नो छुट्टै स्वामित्वहुने गरि कमाइएको वा प्राप्त गरिएको सम्पतिलाई पेवा भनिन्छ । नेपालको पूर्वि तराइमा दाहिजो प्रथा सारै विकृत वनेर आएको छ । दाहिजो कै कारण कतिपय महिलाको विहे हुन सकिरहेको छैन । (उदाहरणको रूपमा नेपालगंज नगर पालिका वस्ने हास्नुन सिद्धिकी लाई कम दाइजो ल्याएको भन्ने आरोपमा जिउँदै मट्टी तेल शरिरमा खन्याएर आगो लगाएको

घट्ना जुन जिल्ला अदालत बाँकेमा विचाराधिन छ) (२०६७ कार्तिक २७ गते, कान्तिपुर पत्रिका) । भने कतिपयको विहे पछि पनि कम दाइजो ल्याएको भनि पिडित हुन्छन् । साथै दाइजो प्रथा घरेलु हिंसाको एक प्रमुख कारण भएको छ ।


अध्ययन क्षेत्रमा दाहिजो प्रथा विकृत छैन बरू एउटा विशिष्ठ सँस्कृति र परम्परागत मूल्य र मान्यतालाई निरन्तरता दिइएको छ । यहाँ दाइजो भन्नासाथ विहे गर्दा बेहुलीको साथमा दिइने एकसरो साधनहरू :- जस्तै : भाँडाकुँडा (हुड्डा, खड्कुला, थाल, गिलास, लुगा फाटो ओड्ने ओछयाउने आदि) तथा लगाउने कपडाहरू ,पशुवस्तुहरू -गाई भैंसी ,घोडा आदि लाई वुझिन्छ । यस प्रकारका सर समानहरू स्वेच्छिक मात्र हुन्छन् । सामाजिक प्रतिष्ठा वाहेक यहाँ दाइजोले कुनै महत्व राख्दैन । दाइजो दिएर दुलाह पक्षलाई खुसी पार्नु भन्दा लाडु र अर्सा (महमा मुछेर घिउमा पकाएको मिठाई) टक्रयाएर दुलही पक्षलाई खुसी पार्नु यहाँको विशेषता हो । तर पनि संचार र यातायातको विकासले यी परम्परामा केही प्रभाव भने परेकै देखिन्छ । सहभागि महिलाहरूसँग दाइजो पेवाको स्थिति के छ ? भनि सोधिएकोमा यस्तो जवाफ प्राप्त भयो ।

**तालिका नं २८**

| सि नं | वर्णन | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | दाईजो पेवा छैन | ३१ | ३३ % |
| २ | छ | ६४ | ६७ % |
| ३ | जम्मा | ९५ | १०० % |

*स्रोत : फिल्ड सर्वे २०६८*

यस तालिकाले दाइजो पेवा छैन भन्नेको संख्या ३३ प्रतिसत देखियो । छ भन्नेको संख्या ६४ प्रतिसत देखियो । किन ती महिलाहरूसँग दाइजो वा पेवा छैन भनि व्यापक छलफल गर्दा ‘उरालु’ पोइल गएकी - (प्रेमविवाह गरेर गएकी) वा दोश्रो विवाह गरेकी महिलाहरू र विवाह गर्दा दाइजो ल्याएकी तर घर छुट्टिइ भिन्न हूँदा वा पशु धन भए नास भई सकेको अवस्थामा दाइजो छैन भन्ने जवाफ आएको देखियो । बहुमत महिलाहरूसँग अर्थात ६७ प्रतिसत महिलासँग दाइजो छ  र उक्त दाइजोसँग माईतीको भावनात्मक सम्वन्ध रहेको देखियो । यसर्थ यहाँ दाइजोले महिलाको माइतीको सम्झना वाहेक उत्पादन र जीवन निर्वाहका साधनकोलागि त्यति ठूलो महत्व राख्दैन ।



# अध्याय ६

## सारांस र निष्कर्ष

### ६.१ सारांस

मानव विकास सूचकमा तल परेका एसियाका देशहरू मध्ये नेपाल पनि एक हो । महिलाहरूको दयनीय स्थिती यसको एउटा कारण हो । महिलाको अवस्था नाजुक भएपनि राष्ट्रिय उत्पादनमा उनिहरूको भुमिका अहम छ । दु:खको कुरा उत्पादनका साधनहरूको स्वामित्वमा भने महिलाहरूको पहुँच छैन । नेपालमा महिलाहरूलाई शसक्त वनाएर सामाजिक र अर्थिक विकासमा सहभागी वनाउन सकिएको छैन ।

हुनत यस अघि नेपाल एक हिन्दु धर्म सापेक्ष राष्ट्र थियो । तर आज एक धर्म निरिपेक्ष राष्ट्रमा परिणत भईसकोको छ । धर्ममा प्रभावित विश्वका विभिन्न देशहरूमा छोराको सर्वोच्चता देखिन्छ । धर्महरूमा पनि महिला शसक्तिकरणकालागि उच्च आदर्शहरू पनि नभएका होइनन् । छोरीहरूलाई अर्काका घर जानै पर्ने र बुढेसकालमा वा आमालाई छोराहरूले नै पालन पोषण गर्नु पर्ने र मरिसके पछि पनि छोराले नै काजक्रिया गर्नु पर्ने जस्त धार्मिक विश्वासका कारण सबैमा छोराको चाहाना हुन गएको हो । यही भावनाले नेपालीहरूको सम्पुर्ण जीवनमा प्रभाव पर्दछ । पैत्रीक सम्पती माथि छोराको अधिकार हुनु , विवाह पछि महिलाको थर मा परिवर्तन गरि पतिको थर जोड्नु । वच्चाको स्याहार सुसार आमाले मात्र गर्नु । आदि विभेदपूर्ण दृष्टान्तहरू नै नेपाली महिलाहरूका समाजिक तथा आर्थिक समस्याका कारण भएकाले तिनको निराकरण नगरि ५१ प्रतिसतको संख्या ओगटेका नेपाली महिलाहरूलाई राष्ट्र निमार्णमा सहभागि गराउन सकिदैन ।

देशको विकट कर्णाली अञ्चल र जुम्ला जिल्लाकै पनि मध्ययम खालको बड्की गा.वि.स. का महिलाहरूको सामाजिक र आर्थिक स्थिती पत्तालगाउन २०६८ साल श्रावण महिना देखि चैत महिना सम्म पुरा ९ महिना अध्ययन गरिएको थियो । यस गाविसमा हिन्दु, वौद्ध, मात्र छन् । यस गाविसका ७४६ घर धुरी मध्ये हरेक वडाहरूवाट कम्तीमा १० वटा घरहरूका महिलाहरू नमुनाका रूपमा लिई जम्मा नौ वडाका ९५ जना महिलाहरूलाई समावेश गरिएको थियो । वहुसंख्यक हिन्दुहरूको वाहुल्यता रहेको छ । यहाँ प्रमुख जातिहरूमा वाहुन, क्षेत्री र दलितहरू मात्र छन् । यस अध्ययनमा प्रतिधित्व गर्ने महिलाहरूको उमेर १६ वर्ष देखि ६५ वर्ष सम्मको छ । तिनलाई तीन समुहमा वाँडिएको छ । साक्षारता दर यस गा.वि.स.मा कर्णाली अञ्चलका अन्य गा.वि.स.मा सरह नै छ । तर

देशको साक्षारता प्रतिसत भन्दा ९ प्रतिसतले कमि छ । एस.एल.सी. पास भन्दा माथि २ जना मात्र महिलाहरू सहभागी हुन सके. भने यस एल सी पास सम्मका ४ जना महिलाहरूमात्र सर्वेक्षणमा परे ।

निर्मित प्रश्नावलीको प्रयोग गरि अन्तरवार्ता लिइनुका साथै वहुविधि वाट तथ्याङ्क संकलन गएिको थियो । अध्ययन क्षेत्रका महिलाहरू कृषि तथा घरेलु कामका अतिरिक्त व्यापार, नोकरी र पशुपालनमा पनि संलग्न रहेको पाइयो । भने दशैं, तिहार लोसार आदि चाड पर्वका अतिरिक्त तीज, तागा आदि महिलाका छुट्टै चाड पर्व हुन् । निर्णय प्रक्रियामा महिलाहरूको सहभागिता कम देखिन्छ । त्यस्तै पुरूषहरूवाट सहयोग कम देखियो । कडा मिहिनेत गरेपनि मुल्यमा भजाउन सकिने काममा महिलाहरू पछिनै छन् । संघ संस्था र समुहमा महिलाहरूको सहाभागित उल्लेखनीय छ । र यो क्रम वढ्दो छ । यहि क्रम वढ्दै गएमा महिलाहरू स्वतन्त्र र आत्म निर्भर वन्ने छन् । तर व्यक्तिगत सम्पतीको अन्त्य र सहकारीता मुलक आर्थिक क्रियाकलाप सञ्चालन हुन जरूरी छ ।

## ६.२ निश्कर्ष

यो अध्ययनवाट निम्न निकर्षहरू निकालिएको छ ।

- उपाध्याय वाहुनको समुदायमा १४ वर्ष भन्दा कम उमेरमा छोरीहरूको विहे गरिएको पाइयो । जातीय अहंकार र कठोर आदर्शहरू त्यसका कारणहरू हुन्  भने अशिक्षा, गरिवी, अस्वस्थता, आदि त्यसका परिणाम हरू हुन् ।
- वहुसंख्यक छोरीहरूको विवाहको निर्णय तिनीहरूका वावु आमा र नातेदारहरूले गर्दछन् ।
- छोरीहरूको विवाह परिपक्व उमेरमा गर्नु पर्दछ भन्ने चेतनामा विकास भएको छ ।
- छोरीहरूको शिक्षाकालागि महिलाहरू सचेत भएका छन् ।
- सानो परिवार नै सुखि परिवार हो भन्ने कुरामा सवै महिलाहरू सहमत छन् ।
- संघ सँस्थाहरूमा महिलाको सहभागिता वढ्दो छ ।
- वहुसंख्यक महिलाहरू खेतीपातीमा संलग्न छन् । तर उत्पादन कम हुने र कडा परिश्रम गर्नु पर्ने भएकाले गरिवि व्याप्त छ । र जीवन कष्टपूर्ण छ ।
- वार्षिक २०००० भन्दा कम आम्दानी हुने परिवार हरू आधा भन्दा बढि छन् ।
- महिलाका नाममा जग्गाको स्वामित्व छैन ।

- वयस्क भन्दा युवा पुरूषहरूले महिलाको काममा सहयोग गर्दैनन् ।
- दाहिजो सामाजिक समस्या नभई परम्परा र माइती प्रतिको भावनात्मक पक्षको प्रतिविम्व हो ।
- महिलाहरू दु:खि विरामी पर्दा तिनका पुरूषहरूद्धारा राम्रै सहयोग र सेवा हुने देखियो।
- तागा यस क्षेत्रका महिलाहरूको मौलिक चाड देखियो जुन दिन पुरूषले हेर्ने र महिलाले खाने दिनका रूपमा चिनिन्छ ।
- महिलाहरूको सरकारी जागिरमा पहुँच एकदमै कम देखियो ।
- महिलाहरू साक्षार वन्न निकै लालायित छन् तर आवश्यक सहयोग कहिँ कतै वाट भएको देखिएन ।

## सन्दर्भ सामग्री


१. अर्याल डि. १९९० सार्क महिला र नेपाल ववर महल  काठमाण्डौ ।

२. आचार्य मिना १९८१ नेपाली महिलाहरुको अवस्था त्री वि वि काठमाण्डौ ।

३. आचार्य वलराम २०६४ लैङ्गिक अध्ययन, नेशनल बुक्स सेन्टर भोटाहिटि काठमाडौ ।

४. गान्धी एम.के. १९३१ यौङ्ग इण्डिया, न्यू दिल्ली

५. जि.शि.का.जुम्ला शैक्षिक व्रुसर २०६८ ।

६. जुम्ला पार्श्व चित्र जुम्ला, २०६६ जि.वि.स जुम्ला ।

७. डब्लु डब्लु डब्लु . मानव विकास प्रतिवेदन २०1०

८. नेपाल नवौं, दशौं पञ्चवर्षिय योजना

९. न्यौपाने एम.१९८२ घरायसी निर्णयमा महिला सहभागिता

१०. वेनेट एल. १९८० परम्परा र नेपाली महिलाको कानूनी अवस्थामा परिवर्तन ।

११.श्री शक्ति १९८०–१९९३ महिला विकास र प्रजातन्त्र

१२.श्री शक्ति १९८०–१९९५ महिला विकास र प्रजातन्त्र

१३.सुज .१९८० समकालिन भारतका महिलाहरु मनोहर पब्लिकेशन न्यू दिल्ली

१४. सुवेदी पी.१९९३ नेपाली महिला उठ्दैछन् ।

१५.सि.इ.आर.आइ.डि.१९९२ चेलीवेटी कार्यक्रम एक अध्ययन त्रि.वि.वि काठमाण्डौ ।

१६. सिंह यस १९९५ नेपालका महिलाहरुको तथ्याङ्क विवरण

१७.सेडोना डि.१९८७ नेपालको गरिवीको अवस्था ओ.यू.पि न्यू दिल्ली

१८. सं.रा.संघ १९७०–१९९०

१९. राष्ट्रिय जनगणना २०३८,४८,र २०५८ २०६८ का प्रतिवेदनहरु केन्द्रीय तथ्याङ्क विभाग काठमाण्डौ

२०. रत्नाकर देवकोटा वृहत जुम्ला राज्यको ऐतिहासिक विभेचना युनिसेफ १९९२ नेपालका महिला र वालवालिका एक विश्लेषण

# अन्तरवार्ता सूचि

## क) जानसंख्यकीय पक्ष

१ .नाम :

२ उमेरः

३ पेसाः

४ जातः

५ धर्मः

६ भाषा - (मातृभाषा)

७ परिवार संख्या :

८ पारिवारिक अवस्था :

| सि नं | घरको सवन्ध | उमेर | लिङ्ग | वैवाहिक स्थिति | शिक्षा | पेसा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |

१ तपाई घरको के हुनु हुन्छ ?

क ) आमा

ख) छोरी

ग) वुहारी

घ) भाई वुहारी

ड.) अन्य

ख) शैक्षिक पक्ष

१ शैक्षिक पृष्ठभुमि

क) साक्षार ख) निरक्षर

ग) माध्यमिक घ) यस एल सी पास

ङ) एस एल सी भन्दामाथि

२ के तपाई यो भन्दा अगाडि पढ्न चाहनुहुन्छ ?

क) चाहन्छु ख) चाहदैन

३ के तपाई शिक्षा नै महिलाको सामाजिक जीवनको मुख्य तत्व हो भन्ने सोच्नुहुन्छ ? किन सोच्नुहुन्छ, किन सोच्नुहुन्न ?

क) सोच्छु ख) सोच्दैन

४. केटीहरुको शिक्षालाई प्रभावकारी वनाउन के गर्नू पर्ला ?

क) पोषाक व्यवस्था ख) निशुल्क शिक्षा

ग) महिला र गरिववलाई प्राथमिकता दिनुपर्छ घ) अन्य

ग) आर्थिक पक्ष

तपाईको परिवारको मुख्य आम्दानी के हो ? र खर्च कसरी गर्नुं हुन्छ ?

| सि नं | आम्दानीको प्रमुख स्रोत | वर्षिक आम्दानी | खर्च |
|---|---|---|---|
| १ | कृषि | | |
| २ | नोकरी | | |
| ३ | व्यापार | | |
| ४ | अन्य | | |

२ तपाइको परिवारमा कस्ले कमाउनु हुन्छ ?

३ तपाईको परिवारमा तपाईलाई पैसा खर्च गर्ने अनुमति छ कि छैन ? छैन भने किन ?

क) छ ख) छैन ।

४. तपाईको नाममा जग्गा जमिन छ ? छ भने कति छ ?

क) छ ।  ख) छैन ।

छ भने कस्तो जमिन हो भन्नुहोस ?

५ के तपाईले कुनै संघ सँस्थावाट कुनै खालको ऋण लिनु भएको छ ?

क) लिएकी छु  ख) लिएकी छैन

छु भने खुलाउनु होस

क) व्यक्तिगत साहुसँग  ख) कृषिविकास वैङ्कवाट

ग) साना किसान विकास कार्यक्रमवाट  घ) अन्य स्रोत वाट

६ तपाईसँग दाइजो वा पेवा केही व्यक्तिगत सम्पति छ ? छ भने कति छ ?

क) छ ।  ख) छैन

७) तपाई आफ्नो परिवारमा निर्णय लिने प्रक्रियामा सहभागि हुनुहुन्छ ? छ भने सहभागिता कस्तो किसिमको थियो ?

क) हुन्छु  ख) हुँदैन

घ) सहभागिता

१ तपाईको गाँउमा कुनै सामाजिक संस्थाहरु छन् ?

क) छन्  ख) छैनन्

ग) थाह छैन

२ के तपाई कुनै सँस्थाको सदस्य हुनुहुन्छ ?

क) छु ।  ख ) छैन ।

ग) थाह छैन ।

३ तपाईको सँस्थामा पुरुष र महिलाहरुलाई समान सहभागिताको मौका दिइन्छ ?

क) दिइन्छ ।  ख) दिइदैन ।

ग) थाह छैन ।

४. पुरुषहरुले महिला आवाजलाई महत्व दिन्छन् कि दिदैनन् ?

क) दिन्छन् ख) दिदैनन्

ग ) थाह छैन

५ के तपाई आफ्ना समस्याहरु निर्धक्कसँग राख्न सक्नुहुन्छ ? सक्दैन भने किन ?

क) सक्छु । ख) सग्दैन ।

६ त्यस सँस्थामा महिला सहभागितामा सुधार गर्ने विषयमा कुनै छलफल हुन्छ ? किन हुदैन ?

क) हुन्छ । ख) हुँदैन ।

ङ.) सामाजिक पक्ष

१ महिलाको विवाहको उमेर कति हुनु ठिक हो ? र तपाईले कति वर्षको उमेरमा विवाह गर्नु भयो ?

क) विवाहको उमेर ख)आफुले विवाह गरेको उमेर

२ तपाईको विवाहको निर्णय कस्ले गरयो ?

क) आमा वावुले ख ) नातेदार हरुले

ग) म आफैले घ) साथिहरु वा अन्यले

३ विवाह भन्दा पहिले श्रीमानलााई देख्नुभएको थियो ?

क ) देखेकी थिएँ । ख ) थिइन ।

४ विशेष अवसरमा तपाई आफ्ना छिमेकीहरुसँग सहयोग आदन प्रदान गर्नुहुन्छ ? गर्नुहुन्छ भने कस्तो सहयोग हो ?

क ) गर्छु ख) गर्दैन

५ तपाईको श्रीमान वा परिवारका अन्य पुरुषहरुले तपाईको घरको काममा सहयोग गर्नु हुन्छ ? गनुहुन्छ भने कस्तो प्रकारको काममा सहयोग गर्नु हुन्छ ?

क ) गर्नु हुन्न ख) गर्नु हुन्छ ।

: खानापकाउन

: गाई वस्तु चराउन

: कृषि

: ज्यालादारी श्रम

: कपडा धुने काममा

: अन्य काममा

६ तपाईको आफ्नो छुट्टै कुनै चाड पर्व छ ? छ भने नाम भन्नुहोस् ।

क) छ । नाम ख) छैन ।